# नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसारमा धर्मकीर्ति विहारको योगदान

(थेरवाद बुद्धधर्ममा स्नातकोत्तर तह उपाधिको निम्ति
पेश गरिएको शोधपत्रमा आधारित)



अमता गुरुमां

Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसारमा धर्मकीर्ति विहारको योगदान

(थेरवाद बुद्धधर्ममा स्नातकोत्तर तह उपाधिको आंशिक परिपूर्तिको
निम्ति लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
थेरवाद बुद्धिष्ट एकेडेमीमा पेश गरिएको शोधपत्रमा आधारित)

**अमता गुरुमां**

Downloaded from http://www.dhamma.digital

प्रकाशिका : कमला शाक्य
गुजिबहाल, यल

प्रथम संस्करण : ५०० प्रति

प्रकाशन वर्ष : बुद्ध सम्बत् २५६४
नेपाल सम्बत् ११४१
विक्रम सम्बत् २०७७
ईस्वी सम्बत् २०२०

सर्वाधिकार : लेखकमा

Dhamma.Digital

ISBN : 978-9937-0-8239-6

मूल्य : धर्मदान

वितरण सहयोगी : धम्मडिजिटल, धापाखेल, ललितपुर

मुद्रण : सिग्मा जनरल अफसेट प्रेस
साँचल, सानेपा, ललितपुर
फोनः ०१-५५५४०२९



Downloaded from http://www.dhamma.digital

# शुभाशिष

जिमि चेली अमतापाखें थेरवाद बुद्धधर्मय् एम.ए.ब्वनेगु भ्वलय् तयार या:गु थेसिसयात ब:कया: पिथने त्यंगु सफूया निंतिं आपालं साधुवाद बियाच्वना ।

न्हापा जिमि थेरवाद बुद्धधर्म ब्वनेत भ्रीथाय् नेपालय् व्यवस्था मदु । उबलय् बर्मांनिसें थन बिज्या:म्ह श्रद्धेय धम्मावुध भन्तेया ग्वहालिं, अले गुरु पूज्यपाद भिक्षु बुद्धघोष भन्तेया प्रेरणा लिसें जिमि मां हेराथकुंया तिबलं जि वि.सं.२००६ सालं बर्माय् थ्यंक न्यासि हे वना: थेरवाद बुद्धधर्मया उच्च अध्ययन यानागु जक मखु 'सासनधज धम्माचरिय'या उपाधितकं प्राप्त यायेत सफल जूगु ख: । उबलय् अन थुगु उपाधि प्राप्तम्ह विदेशी जि न्हापांम्ह ख । बुद्धशिक्षाया गहन अध्ययनलिपा जि नेपा: लिहाँ वया: थनया श्रद्धालुपिन्त थेरवाद बुद्धधर्मया ज्ञान इनावया । थ्वहे भ्वलय् धर्मकीर्ति विहार धस्वात, लिसेलिसें सकसिया गुहालिं मेमेगु नं आपालं विहारत दयेकेत ता:लात । उलिजक मखु चेलीपिं नं आपालं दयेके फत । थौं वया: उपिं सकलें छम्ह थे छम्ह सक्षम, समर्थ व बुद्धसासनय् समर्पित जुइफत ।

नेपालय् थनिं ५७ दँ न्ह्य: हे बौद्ध परियत्ति शिक्षाया पाठ्यक्रमगत ब्वनेगु शुरु जुइधुंकूगु ख: । अथे नं सरकारी मान्यता प्राप्त एम.ए. या पढाइ २०६९ सालंनिसें तिनि दत । अथेजुया: आ: बुद्धशिक्षाया उच्च अध्ययनया निंतिं नेपालय् हे सम्भव दत, थ्व लसताया खँ ख: ।

थ्व हे भ्वलय् चेली अमतां **"नेपालमा थेरवाद बुद्धधर्म प्रचार–प्रसारमा धर्मकीर्ति विहारको योगदान"** विषयस एम.ए. या थेसिस तयार यात । खजा थुगु विहारया बारे जिमि हे शिष्या



Downloaded from http://www.dhamma.digital

डा.रीना तुलाधरं सफू हे पिकायेधुंकल । अथे हे विहारया स्वर्ण दँ (५०वर्ष) या लसताय् 'धर्मकीर्ति स्वर्ण महोत्सव विशेषांक' नं पिदंगु दु । लिसेलिसें विहारं पिथंगु सफूया धलः, अध्ययन गोष्ठीया गतिविधि आदिया बारे नं इलय्ब्यलय् विवरण सहितया सफू, पत्रिकात पिदनाच्वंगु दु । अथेसां उकिइ दुमथ्याःगु व वयां लिपायागु विवरण समेत दुथ्याकाः थुगु शोधपत्र (थेसिस) तयार जूगु खने दु ।

थेसिस धाल धायेवं विश्वविद्यालय, कलेज वा पुस्तकालयय् हे जक लानाच्वनीगु व अनुसन्धान याइपिसं जक स्वइगु जुयाः सर्वसाधारणं नं थुगु विहारया बारे जानकारी कायेमा धयागु मनसुवाः तयाः जिमि चेलीं थेसिसया आधारय् सफूया रुपय् पिथनेगु ग्वसाः ग्वःगु तसकं च्वछ्राये बहःजू । उलिजक मखु थः हे मां प्रकाशक जुयाः थुगु सफू पिथंगु नं तसकं लसताया खँ खः ।

थथेभनं महत्वंजाःगु सफू पिकाःगुलिं चेली अमतालिसें प्रकाशक परिवार व थेसिस तयार यायेत ग्वहालि याःपिं सकसितं नं आयु, आरोग्य जुइमा धकाः शुभाशिष बियाच्वना ।

नापं मेपिं जिमि चेलीपिसं नं थथे हे रचनात्मक ज्या यायेत ताःलायेमा धकाः नं आशिर्वाद बियाच्वना ।

भवतु सब्ब मंगलं ।

वि.सं. २०७७ भाद्र

धम्मवती

भिक्षुणी धम्मवती
सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित
प्रमुख, धर्मकीर्ति विहार
श्रीघः, नःघः, यें ।



Downloaded from http://www.dhamma.digital

# शुभाशिष

मेरी चेली अमताद्वारा थेरवाद बुद्धधर्ममा एम.ए. पढ्ने सिलसिलामा तयार गरेको थेसिसमा आधारित भई निस्कन लागेको किताबलाई धेरै साधुवाद दिँदैछु ।

पहिले हाम्रो पालोमा थेरवाद बुद्धधर्म पढ्नको लागि हाम्रो नेपालमा व्यवस्था थिएन । त्यो बेला बर्मादेखि यहाँ आउनुभएका श्रद्धेय धम्मावुध भन्तेको सहयोगमा अनि गुरु पूज्यपाद भिक्षु बुद्धघोष भन्तेको प्रेरणाका साथै मेरी आमा हेराथुकंको जोडबलले म वि.सं. २००६ सालमा बर्मासम्म पैदल नै हिँडेर गएर थेरवाद बुद्धधर्मको उच्च अध्ययन गरेको मात्र होईन "सासनधज धम्माचरिय"को उपाधिसम्म पनि प्राप्त गर्न सफल भएँ । त्यो बेला यो उपाधि प्राप्तगर्ने पहिलो विदेशी म नै हुँ । बुद्धशिक्षाको गहन अध्ययन पछि म नेपाल फर्केर यहाँका श्रद्धालुहरूलाई थेरवाद बुद्धधर्मको ज्ञान बाँडी आएँ । यही क्रममा धर्मकीर्ति विहारको स्थापना भयो । साथसाथै सबैको सहयोगले अरुअरु पनि धेरै विहारहरू बनाउन सफल भएँ । यति मात्र होइन चेलीहरू पनि धेरै बनाउन सफल भएँ । आज आएर उनीहरू सबैजना एक से एक सक्षम, समर्थ र बुद्धधर्ममा समर्पित हुन सके ।

नेपालमा आजभन्दा ५७ वर्ष अगाडि नै बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रमगत पढाई सुरु भैसकेको हो । तर सरकारी मान्यता प्राप्त एम.ए.को पढाई चाहिं २०६९ सालदेखि मात्र भएको थियो । त्यसकारणले अहिले बुद्धशिक्षाको उच्च अध्ययनको निम्ति नेपालमै सम्भव भयो, यो खुसीको कुरा हो ।

यही सिलसिलामा चेली अमताले **"नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसारमा धर्मकीर्ति विहारको योगदान"** विषयमा एम.ए.



Downloaded from http://www.dhamma.digital

थेसिस तयार गरिन् । त्यसो त यस विहारको बारेमा मेरी शिष्या डा.रीना तुलाधरले किताब नै निकाली सके । त्यस्तै गरी विहारको स्वर्ण जयन्ती (५० वर्ष) को उपलक्ष्यमा 'धर्मकीर्ति स्वर्ण महोत्सव विशेषांक' पनि प्रकाशित भइसकेको छ । साथै विहारबाट निस्केका किताबहरूको सूची, अध्ययन गोष्ठीको गतिविधि आदि बारेमा पनि समय समयमा विवरण सहितको किताब, पत्रिकाहरू निस्किराखेका छन् । तथापि त्यसमा नभएको र त्यसपछिको विवरण समेत समेटेर यो शोधपत्र (थेसिस) तयार भएको देखिन्छ ।

थेसिस भन्नाले विश्वविद्यालय, कलेज र पुस्तकालयमा मात्र सीमित रहन्छ र अनुसन्धान गर्नेहरूले मात्र हेर्ने भएकोले सर्वसाधारणले पनि यो विहारको बारेमा जानकारी पाओस् भन्ने मनसाय राखी मेरी चेलीले थेसिसको आधारमा किताब निकाल्न लागेको प्रशंसनीय छ । त्यति मात्र होईन आफ्नै आमा प्रकाशक भई यो किताब निस्कन लागेको पनि एकदम खुसीको कुरा हो ।

यसरी महत्वपूर्ण किताब प्रकाशमा ल्याएकोले चेली अमता संगै प्रकाशक परिवार र थेसिस तयार गर्न सहयोग गर्ने सबैजनालाई आयु, आरोग्य होस् भनी शुभाशिष दिँदैछु ।

साथै अरु मेरा चेलीहरूले पनि यसरी नै रचनात्मक काम गर्नको लागि सफल होस् भनी आशिर्वाद दिँदैछु ।

भवतु सब्ब मंगलं ।

वि.सं. २०७७ भाद्र

धम्मवती
..............................
भिक्षुणी धम्मवती
सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित
प्रमुख, धर्मकीर्ति विहार
श्रीघः, नःघः, काठमाण्डौं ।



Downloaded from http://www.dhamma.digital

# शुभकामना

अनागारिका अमता गुरुमांले यस थेरवाद बुद्धिष्ट एकेडेमीबाट थेरवाद बुद्धधर्ममा स्नातकोत्तर उपाधि हासिल गर्नु भएकोमा सर्वप्रथम म उहाँलाई हार्दिक बधाई दिन चाहन्छु। उहाँले "नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसारमा धर्मकीर्ति विहारको योगदान" शीर्षकमा गरिएको एम. ए.को यो शोधग्रन्थ पुस्तकको रूपमा प्रकाशन गरेकोमा मलाई ज्यादै खुसी लागेको छ। वि.सं. २०४५ मा आमा कमला शाक्य र बुबा हेराकाजी शाक्यको कुलमा ललितपुर गुजिबाहामा जन्मिनु भएकी कल्पना शाक्य १३ वर्षको कलिलो उमेरमै २०५८ सालमा गुरु आचार्य श्रद्धेय धम्मवती गुरुमां र अनुपमा गुरुमांको सान्निध्यमा यछुबाहा, सुधम्माराम विहार ललितपुरमा प्रव्रजित हुनुभयो। उहाँलाई अनागारिका अमता नामाकरण गरियो।

सानै उमेरमै यशोधरा बौद्ध विद्यालयमा नेपाल बौद्ध परियत्ति शिक्षामा अध्ययन गर्न गएकी कल्पना शाक्य बुद्धशिक्षाबाट निक्कै प्रभावित भएको रहेछ। बुद्धजीवनी पढ्ने क्रममा राजकुमार सिद्धार्थले वृद्ध, रोगी, मृत्यु र भिक्षु चार निमित्त देखेर राजदरवार छोडेर प्रव्रजित हुनुभएको घटनाले उहाँलाई धेरै प्रेरणा मिल्यो। उहाँले पनि प्रव्रजित नै बन्छु भन्ने संकल्प गर्नुभयो। जन्मे पछि मानिसलाई रोग लाग्छ, बुढो हुन्छ र अन्तमा सबै आफन्त प्रियवस्तु छोडेरै जानुपर्ने रहेछ। यो सबै दुःख नै हो। यो दुःखबाट छुट्कारा पाउने उपायको खोजीमा सिद्धार्थ कुमारले ६ वर्षसम्म अत्यन्त दुष्कर–चर्या गर्नुभयो। त्यसबाट पनि उहाँले खोज्नु भएको मार्ग प्राप्त भएन। तैपनि निराश नभइ ध्यानको अभ्यास गर्नुभयो र



Downloaded from http://www.dhamma.digital

अन्ततः बुद्धत्व प्राप्त गर्नुभयो। संसारिक दुःखबाट सदाको निम्ति छुट्कारा पाउने धर्मको उपदेश दिनुभयो।

गृहस्थ जीवनमा बसेर भगवान बुद्धको यस्तो महान धर्म अध्ययन गर्न गाह्रो हुन्छ। प्रव्रजित भएपछि मात्र मैले बुद्धको धर्म पढ्ने, बुझ्ने र अभ्यास गर्ने मौका पाउँछ र अरूलाई पनि सिकाउन सकिन्छ भन्ने मनमा लागेपछि कल्पना शाक्यले प्रव्रजित जीवन नै बिताउने निधो गरिन्। सुरुमा त घरबाट अनुमति पाउनु भएन तर धेरै पटक सम्झाई बुझाई गरेपछि आमाले स्वीकृति दिनु भयो र प्रव्रजित हुने उहाँको महान संकल्प पूरा भएको कुरा अमता गुरुमांले मलाई बताउनु भयो।

प्रव्रजित भइसकेपछि गुरुमांले ह्युमानितिज् र सोसियोलोजि (Humanities and Sociology) मा स्नातक उतिर्ण गर्नुभयो भने नेपाल बौद्ध परियत्ति शिक्षामा परियत्ति सद्धम्म कोविद उपाधि प्राप्त गर्नुभयो। २०५९ सालदेखि उहाँ धर्मकीर्ति विहारमा धम्मवती गुरुमां र अरू गुरुमांहरूको सान्निध्यमा रही बुद्धधर्मको अभ्यास तथा अध्ययन गर्ने क्रममा उहाँले यस थेरवाद बुद्धिष्ट एकेडेमीमा २०७३ सालमा अध्ययन गर्नुभयो। २०७५ सालमा अध्ययन पूरा गरी यो शोधकार्य गर्नुभएको हो। यो शोध ग्रन्थमा के छ भन्ने कुरा पाठक स्वयंले नै अध्ययन गर्ने भएकोले मैले यहाँ भनिरहनु पर्ने देखिंदैन। उहाँले यसरी नै विद्यावारिधि पनि गर्नु हुनेछ भन्ने आशा गर्दै अन्तमा उहाँको सुस्वास्थ्य र उत्तरोत्तर प्रगति र सम्बृद्धिको कामना गर्दछु।

महेन्द्र रत्न शाक्य
प्राचार्य, थेरवाद बुद्धिष्ट एकेडेमी



Downloaded from http://www.dhamma.digital

# कृतज्ञता ज्ञापन

लुम्बिनी बौद्ध विश्वविद्यालय, बौद्ध अध्ययन संकाय अन्तर्गतको शैक्षिक सत्र २०७३।२०७५ स्नातकोत्तर तह (एम.ए) को पाठ्यक्रम अनुसार दशौं पत्रको आवश्यकता परिपूर्ति गर्न सो विश्वविद्यालयबाट सम्बन्धन प्राप्त थेरवाद बुद्धिष्ट एकेडेमीका लागि तयार गरिएको शोधपत्रमा आधारित यस पुस्तक प्रकाशनको निमित्त अनुमति एवं शुभकामना दिनुहुने थेरवाद बुद्धिष्ट एकेडेमीका प्राचार्य श्रद्धेय श्री महेन्द्ररत्न शाक्यप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र लेखनको क्रममा र यस पुस्तक प्रकाशनको क्रममा आवश्यक सल्लाह, निर्देशन, प्रुफ हेर्ने तथा हरतरहको सहयोग गर्नुहुने शोधपत्रका निर्देशक एवं थेरवाद बुद्धिष्ट एकेडेमीका संचालक समितिका सदस्य तथा अध्यापक, सह प्राध्यापक श्री मदन रत्न मानन्धरप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

मलाई स्नातकोत्तर तह पढ्नको लागि छात्रवृत्ति प्रदान गर्नुहुने Sarah LeVine, 199 Ocoolidge Avenue, 204, USA प्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्न तथा स्नातकोत्तर पढाईको लागि मलाई अनुकूल वातावरण प्रदान गरि आसिर्वचन प्रदान गर्नुभएका तथा यस पुस्तकका लागि शुभाशिष दिनुभएका धर्मकीर्ति विहारका प्रमुख, श्रद्धेय गुरुवर धम्मवती गुरुमांप्रति कृतज्ञ छु। साथै धर्मकीर्ति विहारका अन्य आवासिक गुरुमांहरू लगायत मेरो परिवारका आमा (कमला शाक्य), भाइ (कविन्द्र शाक्य) र बहिनी (करुणा शाक्य) प्रति पनि आभार प्रकट गर्दछु । साथै थेरवाद बुद्धिष्ट एकेडेमीका मेरा सहपाठीहरूलाई पनि धन्यवाद छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

त्यस्तै शोधपत्र लेखनको क्रममा सामग्री जुटाउन तथा प्राविधिक रुपमा सहयोग गर्नुहुने श्रद्धेय अस्सजी भन्ते, श्रद्धेय वीर्यवती गुरुमां, श्रद्धेय शुभवती गुरुमां, श्रद्धेय क्षान्तिवती गुरुमां, उपासिका लोचनतारा तुलाधर, रमा कंसाकार, सुरेन्द्र राजथलाप्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अन्तमा, शोधपत्र लेखनको क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण मित्रवर्गहरूमा र सम्पूर्ण सज्जन वर्गप्रति पनि हार्दिक कृतज्ञता तथा साधुवाद दिन चाहन्छु । साथै शोधपत्रमा आधारित रहेर तयार गरेको यो पुस्तक प्रकाशनको जिम्मा लिइदिने मेरी ममतामयी आमा कमला शाक्यप्रति पनि आभारी छु ।

समयमै पुस्तक प्रकाशन गरी दिनुहुने सिग्मा जनरल अफसेट प्रेस परिवारलाई पनि धन्यवाद छ ।

Dhamma.Digital

कल्पना शाक्य (अ.अमता)
धर्मकीर्ति विहार
२०७७ मंसिर



Downloaded from http://www.dhamma.digital

# विषय सूची


**शिर्षक** | **पृष्ठ**

शुभाशिष

शुभकामना सन्देश

कृतज्ञता ज्ञापन

विषय सूची

**अध्याय – एक : परिचय** **१**

१.१. पृष्ठभूमि १

**अध्याय – दुई : नेपालमा थेरवाद बुद्धधर्मको परिचय** **६**

२.१ पृष्ठभूमि ६

२.२ पुनर्जागरण ६

२.३ नेपालबाट भिक्षुहरूको निष्काशन ९

२.४ निष्काशन फुकुवा ९

२.५ नेपालमा थेरवाद विहारहरूको संख्यामा बृद्धि ९

**अध्याय – तीन : धर्मकीर्ति विहारको परिचय** **११**

३.१ पृष्ठभूमि ११

३.२ धम्मवती गुरुमांको उदयसंगै धर्मकीर्ति विहार ११

३.३ धर्मकीर्ति विहारको स्थापनाको पृष्ठभूमि र विहारको विस्तार १७

३.३.१ मा गुणवती गुरुमां १९

३.३.२ रत्नमञ्जरी गुरुमां २०

३.३.३ अध्ययन गोष्ठीको स्थापना २०

३.३.४ विहारका अन्य संरचना २०




Downloaded from http://www.dhamma.digital

३.४ धर्मकीर्ति विहारको नयाँ स्वरुप २१

३.४.१ हालको भवनको विवरण २२

**अध्याय – चार : धर्मकीर्ति विहारको गतिविधिहरूबारे अध्ययन २४**

४.१ परिचय २४

४.२ उद्देश्य परिपूर्तिका गतिविधिहरू २५

४.२.१ धर्मकीर्ति बुद्धपूजा कमिटी २५

४.२.२ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी २७

४.२.२.१ अध्ययन गोष्ठी शनिवारीय कक्षा २८

४.२.२.२ धर्मकीर्ति बौद्ध पुस्तकालय २९

४.२.२.३ अल्पकालीन श्रामणेर/ऋषिणी प्रव्रज्या २९

४.२.२.४ बौद्ध विद्वानहरूको स्वागत ३१

४.२.३ धर्मकीर्ति बौद्ध मासिक पत्रिका ३१

४.२.४ धर्मकीर्ति स्वास्थ्य कमिटी ३२

४.२.५ धर्मकीर्ति ज्ञानमाला भजन खलः ३३

४.२.६ धर्मकीर्ति शिक्षा सदन ३४

४.२.७ धर्मकीर्ति पब्लिक इमेज कमिटी ३४

४.२.८ अन्य गतिविधिहरू ३५

४.२.८.१ धार्मिक गतिविधिहरू ३५

४.२.८.२ सामाजिक गतिविधिहरू ३९

४.२.९ बुद्धधर्म प्रचारका कार्यहरू ४०

४.२.१० धर्मकीर्ति परियत्ति केन्द्र ४१

४.३ अन्य गतिविधिहरू ४१

४.४ धर्मकीर्ति विहारको विगत र वर्तमान ४८



Downloaded from http://www.dhamma.digital

**अध्याय - पाँच : नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसारमा धर्मकीर्ति विहारले गरेका कार्यहरू** **५०**

५.१ परिचय ५०

**अध्याय – छ : सारांश** **५३**

६.१ उपसंहार ५६

६.२ सुझावहरू ५६

**अनुसूची**

**फोटो सूची**

**सन्दर्भ ग्रन्थ सूची**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital

# नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसारमा धर्मकीर्ति विहारको योगदान

## अध्याय एक

## परिचय

### १.१ पृष्ठभूमि

नेपालको वर्तमान प्रदेश नं. ५ अन्तर्गत कपिलवस्तु जिल्लाका तत्कालीन राजा शुद्धोधन र महारानी महामायादेवीको कोखबाट ई.पू. ६२३ बैशाख शुक्ल पूर्णिमाको दिन पवित्रस्थल लुम्बिनी उद्यानमा युवराज सिद्धार्थको जन्म भयो ।

सिद्धार्थ कुमारले २९ वर्षको उमेरमा सांसारिक दुःखबाट मुक्त हुनको लागि राजदरवार त्याग गर्नुभयो, जसलाई ' महाभिनिष्क्रमण' भनिन्छ । ज्ञानको खोजीमा विभिन्न देश भ्रमण गर्दै त्यहाँका आचार्य गुरुहरूको सत्सङ्गतबाट दुःखबाट मुक्त हुने ज्ञान प्राप्तगर्न सक्नुभएन । आजभन्दा २६०८ वर्ष अगाडि बैशाख पूर्णिमाको रात भारतको बोधगयामा सिद्धार्थले बुद्धत्व ज्ञान प्राप्त गर्नुभयो र भगवान बुद्धको नामबाट प्रख्यात हुनुभयो । वहाँले आफ्नो भित्री ज्ञानबाट चतुआर्यसत्यको ज्ञान (बोधिज्ञान) लाभ गर्नुभयो । बोधिज्ञान प्राप्तिपछि सो ज्ञानलाई सर्वसाधारणका निम्ति बाँड्ने क्रममा पञ्चभद्रवर्गीय भिक्षुहरूलाई वाराणसीस्थित ऋषिपतन मृगदावनमा प्रथमपटक धर्मको उपदेश गर्नुभयो । धर्मचक्रको प्रवर्तनसंगै बुद्धधर्मको प्रादुर्भाव भयो ।

भगवान बुद्धले ४५ वर्षसम्म बहुजन हिताय बहुजन सुखायको लागि देशना गर्नुभएको उपदेशलाई भगवान् बुद्धको



Downloaded from http://www.dhamma.digital

महापरिनिर्वाण भएको तीन महिनापछि थेर (स्थविर)भिक्षुहरूको सहभागितामा प्रथम संगायन भएको थियो । बुद्ध परिनिर्वाणको १०० वर्षपछि वैशालीका भिक्षुहरूले १० वटा भिक्षु नियमहरूमा केही खुकुलोपनको अभ्यास गर्न खोजेका थिए । त्यसलाई कौशाम्बीका भिक्षुहरूले विनय अनुकूल नभएकोले विरोध गरे र त्यसैको कारण द्वितीय संगायना आयोजना भएको थियो । उक्त संगायनाले नियममा केही खुकुलोपन ल्याउनु भनेको विनयसम्मत नभएको निर्णय गरेको कारणले भिक्षुसंघ दुई भागमा विभाजित भयो । नियमलाई कुनै पनि हालतमा छोड्नु हुँदैन भनेर पक्ष लिने भिक्षुहरूमा धेरैजसो उमेर नाघिसकेका पाका र जेष्ठ भिक्षुहरूको बाहुल्य थियो, जसलाई 'थेर' अर्थात 'वरिष्ठ' भनियो । नियमहरू परिस्थिति अनुसार परिवर्तन गर्न सकिन्छ र सानातिना नियमलाई कट्टरताका साथ पालन गर्नु आवश्यक छैन भन्ने पक्षका भिक्षुहरू संख्यामा केही बढी थिए र तिनीहरूलाई 'महासांघिक' भनियो । यसरी 'थेरवाद' र 'महासांघिक' भनेर भिक्षुसंघ छुट्टिएर निकाय भेद सुरु भयो । सम्राट अशोकको समयसम्म आइपुग्दा बुद्धधर्ममा १८ निकायहरू प्रादुर्भाव भइसकेका थिए । यसरी पाको उमेरका शब्दबाट 'थेर' र तिनीहरूको विचारधारा वा 'वाद' लाई 'थेरवाद' वा स्थविरवाद शब्दद्वारा चिनाउँदै आएको छ । कालान्तरमा थेरवादीहरू बुद्धको शिक्षालाई कुनै पनि किसिमले परिवर्तन र परिमार्जित नगर्ने समूहका रूपमा परिचित हुन गयो ।[१] यसरी बुद्धकालदेखि कुनै पनि किसिमले समय अनुसार परिवर्तन नगरीकन ४५ वर्षसम्म बुद्धबाट उपदेश भएका शिक्षालाई नै विशेष महत्व दिने मूल बुद्धधर्मका रूपमा 'थेरवाद' भनि परिचित रहन गयो ।[२]

नेपालमा स्थविरवादको प्राचीन इतिहास प्राप्त नभएतापनि कपिलवस्तुमा भिक्षुहरू थेरवादसंग सम्बन्धित भएको कुरा

---

१ त्रिरत्न मानन्धर, "नेपालमा थेरवाद - बुद्धधर्मको विकास क्रम", **नेपालमा थेरवाद बुद्धधर्म-एक अध्ययन**, रीना तुलाधर (सं.), काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, २०७२, पृ. ५२

२ उही, पृ. ५३



Downloaded from http://www.dhamma.digital

ह्वेनसाङ्गको पश्चिमको महायात्रा नामक भ्रमण डायरीबाट स्पष्ट गर्न सकिन्छ ।[३]

अशोकका आफ्नी छोरी चारुमती नेपालमा आएको बेला उनको देवपालसँग विवाह भएर उनीले चाबहिलमा चारुमती विहार निर्माण गरेकी छिन् । पाटनमा पनि चारवटा थूरहरूको निर्माण गरेका छन् । यो थूरको निर्माण अशोक राजा नेपाल भ्रमणमा आएको समयमा भएको र उनले यहाँ बुद्धधर्म प्रचार गरी गएका थिए ।[४]

प्रसिद्ध चावही चैत्यको पश्चिमपट्टि बत्ती बाल्न राखिएको स्तम्भको मुनि आसनमा कुँदिएको लिच्छवीकालीन अभिलेखमा चाबही चैत्यमा बुद्धको किन्नरी जातकको कुरा कुँदिएको, अनेकथरी चित्रले सुहाएको कुरा उल्लेख छ। थेरवाद बुद्धधर्मको पालि जातकमा किन्नरी जातकको कुरा उल्लेख छ। तर धनवज्रले उल्लेख गरेको किन्नरी जातकको कथा भन्दा अलि फरक किसिमको छ ।[५]

सन् १९०५ मा आयरल्यान्ड मूलका भिक्षु धम्मालोकले बर्मामा धेरै समय बिताएका थिए । धेरै देशहरूमा भ्रमण गरि नेपालमा पनि आइपुगेका थिए भन्ने कुरा प्रा. डा. त्रिरत्न मानन्धरले भिक्षु धम्मालोकको नेपाल यात्रा भन्ने लेखमा वर्णन गरेका छन् ।[६] यदि यस कुरालाई मान्ने हो भने थेरवादको पुनर्जागरणको समय मानिएको सन् १९२५ को समय भन्दा २० वर्ष अगाडि हुन जान्छ। नेपालको थेरवाद बुद्धसासनसित प्रारम्भकालदेखि नै सम्बद्ध रहेको छ भन्ने कुरा स्पष्ट भनिएको छ ।[७]

---

३ पूर्वोक्त पादटिप्पणी सं १, पृ. ५५

४ उही, पृ. ५५-५६

५ धनवज्र वज्राचार्य, **लिच्छवीकालीन अभिलेख**, द्वितीय संस्करण, काठमाडौं : सिनास, २०५३, पृ. ३

६ पूर्वोक्त पादटिप्पणी सं. १, पृ. ५६

७ उही, पृ. ५६



Downloaded from http://www.dhamma.digital

भगवान बुद्ध र उहाँका श्रावक शिष्यहरू बस्ने स्थान, आवास गृहलाई नै विहार भनिन्छ । बौद्ध सूत्रहरूको प्रारम्भमा "एवं मे सुतं एकं समयं भगवा सावत्थियं विहरति......." भन्ने वाक्यांश लेखिएको छ । विहरतिको अर्थ बस्नु वा विहार गर्नु हो । "एक समय भगवान् बुद्ध श्रावस्तिमा विहार गर्नुभयो" भन्ने यसको अर्थ हुन्छ । यसरी विहार गर्ने अर्थमा विहरति शब्दबाट नै विहार शब्द बनेको हो । भगवान् बुद्ध र भिक्षु भिक्षुणीहरू बस्ने ठाँउलाई नै विहार भनिन्छ । विहार भिक्षुहरूको आवास हो । भिक्षु भिक्षुणीहरूको आवश्यकीय वस्तु चतुप्रत्यय हो । भोजन, चीवर वस्त्र, शयनासन र गिलान (औषधि)लाई नै चतुप्रत्यय भनिन्छ । शयनासन प्रत्यय अन्तर्गत बस्ने ठाँउ, विछ्यौना र आवास पर्दछन् । तसर्थ विहार शयनासन प्रत्यय अन्तर्गत पर्ने कुरा उल्लेख पाइन्छ । सर्वप्रथम बुद्धलाई राजा विम्बिसारले वेणुवन विहार दान दिएका थिए । त्यस्तै श्रावस्तीका महाजन अनाथपिण्डिक, विशाखा आदि थुप्रै उपासक–उपासिकाहरूले बौद्ध भिक्षुसंघको निम्ति विहारहरू बनाइदिए । कपिलवस्तुमा शाक्यहरूले पनि निग्रोधाराम आदि विहारहरू निर्माण गरिदिए ।[८]

यसरी बुद्धसासनमा धेरै विहारहरूको निर्माण भए । बुद्ध परिनिर्वाणको तेस्रो शताब्दिमा जन्मेका सम्राट अशोकले ८४,००० धर्मस्कन्धहरूको संख्या अनुरूप बुद्धसंग सम्बन्धित विभिन्न पवित्र स्थानहरूमा चैत्य, स्तुप, आवास गृह, धार्मिक स्थलहरू निर्माण गरी संघलाई दान गरेका थिए ।

यसरी समयक्रमसँगै नेपालमा पनि थुप्रै विहार, महाविहार, स्तूप, बहाः बही र गुम्बाहरू बनेको देखिन्छ । यी महायान, वज्रयान र थेरवादसँग सम्बन्धित रहेको पाइन्छ । कालान्तरमा नेपालबाट थेरवाद बुद्धशिक्षा लोप भएर गएको र पछि पुनः उत्थान भएको मानिन्छ । थेरवाद शिक्षा पुनरुत्थानसँगै नेपालमा पनि

---

८ महेन्द्र रत्न शाक्य, "पालि साहित्यमा विहार", **बुद्ध जयन्ती स्वर्ण स्मारिका,** ललितपुरः वि.सं. २०५७, पृष्ठ ५३ - ५९



Downloaded from http://www.dhamma.digital

विशेष गरि काठमाडौंमा धेरै नै विहारहरू बनेको पाइन्छ । यसै क्रममा काठमाडौंको नःघल टोलमा थेरवाद विहार अस्तित्वमा आएको देखिन्छ । बर्मामा १४ बर्षसम्म बुद्धधर्म अध्ययन गरी नेपाल फर्केकी भिक्षुणी धम्मवतीको पहलमा धर्मकीर्ति विहार वि. सं. २०२२ सालमा स्थापना भएको देखिन्छ ।

धर्मकीर्ति विहारको स्थापना गर्नुको मुख्य उद्देश्य तल लेखिएअनुसार रहेको छ :

१. शान्तिनायक भगवान् बुद्धको उपदेश प्रचार-प्रसार गर्ने ।
२. बुद्धसासनमा प्रब्रजित अनागारिका गुरुमांहरूको लागि एक केन्द्रको रूपमा रही उनीहरूका लागि बुद्धको उपदेश अध्ययन एवं अभ्यासको व्यवस्था गर्ने ।
३. बुद्धशिक्षाका अनुयायी, उपासक-उपासिका एवं युवावर्गका लागि बुद्धधर्मको अध्ययन अभ्यासको आवश्यक व्यवस्था गर्ने ।
४. समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थाहरूसंग सम्बन्ध राखी कार्य गर्ने ।

उपरोक्त उद्देश्यहरू परिपूर्तिको निम्ति निम्नानुसार कार्यनीति तर्जुमा गरी कार्यक्रमहरू गरिंदै आएको पाइन्छ :

१. बुद्ध शिक्षाको प्रचार प्रसार,
२. महिलाहरूलाई विभिन्न सामाजिक क्रियाकलापमा संलग्न गराई उनीहरूको उत्थान कार्यमा सहयोग,
३. युवावर्गलाई बुद्धधर्मसित परिचित गराउन विभिन्न कार्यक्रम संचालन,
४. युवावर्गलाई बुद्धधर्म अध्ययन गराई त्यसलाई व्यवहारमा उतार्न प्रोत्साहन,
५. ध्यान शिविरहरू संचालन,
६. देश र विदेशका बौद्ध तीर्थस्थलहरूमा तीर्थयात्राको आयोजना।[९]

---

९ रीना तुलाधर, **चिरं तिट्ठतु सद्धम्मो**, काठमाडौं : धर्मकीर्ति प्रकाशन, वि.सं. २०५९ पृ. ७०-७१



Downloaded from http://www.dhamma.digital

# अध्याय दुई

# नेपालमा थेरवाद बुद्धधर्म

## २.१ पृष्ठभूमि

बुद्ध परिनिर्वाण हुनुभन्दा केही समय अगाडि कोशलका राजा विडुडभले कपिलबस्तुमाथि आक्रमण गरेर शाक्यहरूको संहार गरेको र केही शाक्यहरू बिभिन्न ठाउँमा भाग्ने क्रममा नेपाल आएको भन्ने कुराले नेपालमा बुद्धधर्मको अस्तित्व बुद्धकालदेखि नै थियो भन्ने कुरालाई स्पष्टसँग भन्न सकिने अवस्था छ । यसरी बुद्धको जीवमानकालमै नेपालमा प्रवेश भएको बुद्धधर्म जयस्थिति मल्लको शासनकालसम्म आउँदा बिस्तारै लोप प्रायः हुनगएको प्रतित हुन्छ ।[१०]

## २.२ पुनर्जागरण

बि.सं. १९८७ सालमा वैद्य कुलमानसिं (श्रामणेर कर्मशील)ले कुशीनगरमा थेरवादी श्रामणेर प्रब्रजित भई नेपाल उपत्यकामा पहेँलो चीवर पहिरी पिण्डाचार गरे । यही नै राजा जयस्थिति मल्लको शासनकालमा भएको बौद्ध भिक्षुहरूको दमन पश्चात नेपाल उपत्यकामा पहेँलो चीवरको प्रथम प्रवेश हो ।[११] यसैलाई नै नेपालमा थेरवाद बुद्धधर्मको पुनरुत्थानको शुरुवात भएको मानिएको पाइन्छ ।

नेपालमा थेरवाद बुद्धसासनको पुनर्जागरणमा तिब्बतबाट आएका क्यान्छे लामाको पनि ठूलो भूमिका देखिन्छ । तिब्बतको खामबाट आएका क्यान्छे लामाले बुद्धशिक्षाको बारेमा दिएको

१० आर.वी.बन्ध्य, **संघनायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर,** काठमाडौं: नगरमण्डप श्रीकीर्ति विहार, २०५६, पृ. ८

११ आर.वी.बन्ध्य, **संघनायक भद्दन्त प्रज्ञानन्द महास्थविरया जीवनी**, काठमाडौं: साहु तेजरत्न तुलाधर, २०३२, पृ. ६८



Downloaded from http://www.dhamma.digital

प्रवचनबाट त्यसबेलाका काठमाडौंवासी बौद्धहरूलाई निकै प्रभावित पारेको देखिन्छ। धर्मप्रति जागरुक युवाहरूले समय र अवसरलाई पहिचान गरी बुद्धधर्मप्रति श्रद्धा जगाउने र नेपालमा बुद्धसासन पुनःस्थापित गर्न प्रव्रजित हुने कार्य सुरु गरेको पाइन्छ। हिन्दूकुलमा जन्मेर पनि बुद्धधर्मप्रति ठूलो श्रद्धा राख्दै चिकंमुगलका प्रेमबहादुर श्रेष्ठ छिरि नोर्बुको उपाध्यायत्वमा महायानी भिक्षु पाल्देन शेरब बने । उनी नै पछि भिक्षु महाप्रज्ञा भए । उनी सहित अरु चार जना नेपालीहरू तिब्बती परम्पराबाट भिक्षु बन्ने सौभाग्य प्राप्त गर्नेहरूमा महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्ति हुन् । यी पाँच भिक्षुहरूले सुरु गरेको प्रव्रजित जीवन र धर्मप्रचारलाई सहन नसक्ने श्री ३ चन्द्रशमशेरले उनीहरूलाई बुद्धभूमि नेपालमा रहने अधिकारबाट वञ्चित गरी देशनिकालाको कार्य गरे ।[१२] उनीहरू ल्हासाबाट आएका छिरि नोर्बु लामा गुरुसंग तिब्बती परम्परा अनुसार काठमाडौंमा प्रव्रजित भएका थिए । उनीहरू हिन्दूधर्मबाट बौद्धधर्ममा परिवर्तित भएको हुनाले उनी सहित उनका गुरुलाई देशबाट निकाला गरिएको थियो । त्यस पछि लामा भिक्षुहरू भारतमा पुगे र कुशीनगरमा भिक्षु ऊ चन्द्रमणी महास्थविरबाट सन् १९२८ मा थेरवाद परम्परा अनुसार श्रामणेरको रूपमा पुनः प्रव्रजित भए ।[१३] यसलाई नेपालमा थेरवाद भिक्षु परम्परालाई पुनर्स्थापना गर्ने घटनाको रूपमा लिन सकिन्छ ।

यो भन्दा अघि कुशीनगरबाट फर्केर सन् १९३० मा सर्वप्रथम भिक्षु प्रज्ञानन्दले काठमाडौंमा भिक्षाटन गरे र उनी दशरत्न साहुको निमन्त्रणामा किम्डोल विहारमा बसे । किम्डोल विहारमा उनले धर्मदेशनाको कार्य सुरु गरे । यो कुरा राणाहरूले थाहा पाएर पुलिसहरूलाई धर्मदेशना गर्ने स्थलमा र विहारमा

---

१२ भिक्षु अमृतानन्द, **नेपालमा बुद्धधर्मको संक्षिप्त इतिहास,** काठमाडौंः आनन्दकुटी विहार गुठी, २०३८, पृ. २

१३ उही, पृ. २



Downloaded from http://www.dhamma.digital

पठाएर सबैजनालाई पक्रेर लगे । तर प्रज्ञानन्द त्यहाँ नभएकोले पक्राउमा परेनन् । त्यसपछि उनी तीर्थयात्राको क्रममा कुशीनगर पुगे र भिक्षु ऊ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा एकजना उपासक र तीन जना उपासिकाहरूलाई प्रव्रजित गराए । उनीहरू श्रामणेर सासनज्योति, अनागारिका रत्नपाली, अनागारिका धर्मपाली, अनागारिका संघपाली थिए । ती तीनजना अनागारिकाहरू वर्तमान नेपालको थेरवाद बुद्धसासनका पहिलो तीन अनागारिका थिए ।[१४] त्यसपछि नेपालमा भिक्षु र अनागारिका बन्ने लहरै शुरु भएको देखिन्छ ।

यही क्रममा बि.सं. १९९३ पौष महिनामा भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द भोजपुरमा भेटघाट भयो । भिक्षु महाप्रज्ञाले त्यहाँका भक्तजनहरूको निमित्त माटोको एउटा सुन्दर बुद्धमूति बनाई भव्य रूपमा रथयात्रा गरी शाक्यमुनि विहारमा विधिवत् स्थापना गरेका थिए । त्यो कुरा त्यहाँका बडाहाकिमले थाहा पाएर भिक्षु महाप्रज्ञालाई जेलमा थुनेको थियो । त्यसबेला श्रामणेर अमृतानन्द सानो थियो, यसलाई देखेर बडाहाकिमले फर्काउन खोज्दा श्रामणेर अमृतानन्दले आफ्नो गुरुलाई छाडेर नजाने विचार गरी गुरुको सेवा गर्दै आफूपनि जेलमा नै बसेका थिए ।[१५]

केही समय गुरुचेला भोजपुरको जेलमा बिताइसकेपछि जेलको हाकिमले बोलाई सिपाही साथ लगाई देश निकाला गरे । त्यहाँ केही समय राखेर सीधै भारतको सीमानामा लगी फेरि कहिले पनि नेपालमा नआउनू भनेर उनीहरूलाई निकाला गरे ।[१६] यस्तो परिस्थितिबाट नेपालमा बुद्धधर्मलाई उचित ठाउँ नरहेको ठहरिन्छ । महाप्रज्ञा र उनका शिष्यले अलिकति पनि हार मानेका थिएनन् । उनीहरूले नेपालमा बस्न नपाए पनि विदेशमा बसेर बुद्धधर्मको धेरै अध्ययन गर्दै गरे ।

---

१४ पूर्वोक्त, पादटिप्पणी सं. १, पृ. ५८

१५ पूर्वोक्त, पादटिप्पणी सं. १२, पृ २

१६ पूर्वोक्त, पादटिप्पणी सं. १२, पृ ३



Downloaded from http://www.dhamma.digital

## २.३. नेपालबाट भिक्षुहरूको निस्काशन

नवजागरणको वातावरणबाट सन्त्रस्त रहन थालेको राणा सरकारले बुद्ध सम्बत् २४८७, वि.सं. २०००मा बुद्धको आफ्नो जन्मभूमिमा भिक्षुहरूले सामूहिक रूपमा बुद्धपूजा गर्दैनौं, कसैलाई पनि भिक्षु जीवनमा प्रव्रजित गर्ने छैनौं, धर्मोपदेश गर्ने छैनौं भनी वाचा गराउन खोजे, लिखित बयान लिन खोजे । राणासरकारको त्यो प्रस्तावलाई भिक्षुसंघले नमानी ठुकराएपछि वर्षावास बसिरहेका भिक्षुहरू र श्रामणेरहरूलाई वि.सं. २००० साल श्रावण १५ गतेका दिन देशबाट निर्वासित गरिने घोषणा गरियो । परिणाम स्वरूप प्रज्ञानन्द भन्ते प्रमुख भिक्षु धर्मालोक, भिक्षु सुबोधानन्द, भिक्षु प्रज्ञारश्मि, श्रामणेरहरू प्रज्ञारस, रत्नज्योति, अग्गधम्म र कुमार गरी चारजना भिक्षुहरू र चार जना श्रामणेरहरू जम्मा ८ जनालाई बुद्धको आफ्नै जन्मभूमि नेपालबाट देश निकाला गरिए ।[१७]

## २.४ निष्काशन फुकुवा

नेपालमा प्रधानमन्त्री जुद्ध शमशेर ज.ब.रा.ले राज्य त्याग गरेपछि पद्म शमशेर ज.ब.रा. प्रधानमन्त्री बने । सन् १९४६ मा भिक्षु अमृतानन्दको प्रयासले श्रीलंकाका भिक्षु नारद महास्थविरको नेतृत्वमा भिक्षु प्रियदर्शी, डा. रत्नसूर्य, प्रो. आर्यपाल र भिक्षु अमृतानन्द सहितको एउटा शिष्टमण्डल श्रीलंकाबाट नेपालमा आई प्रधानमन्त्रीलाई भेटी नेपालबाट निर्वासन गरिएका भिक्षुहरूलाई आफ्नो देशमा आउन पाउने व्यवस्था मिलाइएको थियो ।[१८]

## २.५ नेपालमा थेरवाद विहारहरूको संख्यामा बृद्धि

नेपालमा युवा भिक्षुहरूको संख्या वृद्धिसँगै विहारहरू पनि वृद्धि हुँदै गयो । त्यसबेला किम्डोल र आनन्दकुटीमा मात्र सीमित

---

१७ बन्ध, पूर्वोक्त पादटिप्पणी सं. १०, पृष्ठ २७

१८ बन्ध, पूर्वोक्त पादटिप्पणी सं. १०, पृ. २८



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूले उपत्यकाको बाहिर ठाउँमा पनि विहारको व्यवस्था गर्दै लगे। पुराना बौद्धस्थल तथा सार्वजनिक ठाँउहरूमा पनि जीर्णोद्धार गरेर भिक्षुहरू बस्ने व्यवस्था गरिएको थियो। काठमाडौंमा रहेको गणमहाविहारको पनि जीर्णोद्धार भिक्षु सुदर्शन महास्थविरबाट भएको पाइन्छ। त्यस्तै गरि उपासक भाजुरत्न साहुको प्रयासले नःघलमा श्रीघः विहार स्थापना भएको थियो। ललितपुमा श्री सुमङ्गल विहार, शाक्यसिंह विहार, मणिमण्डप विहार इत्यादिमा भिक्षुहरू बसेर दैनिक धार्मिक क्रियाकलापहरू गरिरहेको देखिन्छ। त्यसै गरि उपत्यका बाहिर पनि बुटवल, पनौति, पोखरा, तानसेन, लुम्बिनी, आदि ठाउँहरूमा पनि विहारहरू बनाउने र धार्मिक कार्यहरू सुरु हुँदै गयो। विहारहरू बनाउनमा विशेष योगदान दिने भिक्षुहरूमा प्रज्ञानन्द, धम्मालोक, अमृतानन्द, अनिरुद्ध, बुद्धघोष, अश्वघोष, सुमङ्गल, सुदर्शन, ज्ञानपूर्णिक, मैत्री आदि रहेको पाइन्छ।[१९]

नेपालमा थेरवाद बुद्धधर्मको पुनर्जागरणमा धेरै प्रकारका बाधा र अवरोधहरू आएका थिए, तर पनि यसलाई हार नमानी बुद्धका अनुयायीहरूको बलियो श्रद्धाले गर्दा जोगाउन सफल भएको देखिन्छ। त्यसकारण सानो भए पनि बुद्धको शिक्षालाई व्यापक तुल्याउन मद्दत पुगेको छ।

१९ त्रिरत्न, पूर्वोक्त पादटिप्पणी सं. १, पृ. ६६-६७



Downloaded from http://www.dhamma.digital

# अध्याय तीन
# धर्मकीर्ति विहारको परिचय

## ३.१ पृष्ठभूमि

राणाकालीन समयमा १६ वर्षको बाल्यकालमा घर परिवार त्यागी बुद्धशिक्षा अध्ययनार्थ संघर्ष गर्दै भारतदेखि बर्मासम्म पैदल यात्रा गरी गणेशकुमारी शाक्य (पछि धम्मवती गुरुमां) बर्मा पुगे । आखिर आफ्नो लक्ष्य पूरा गरी, विजयी बनी बि.सं. २०२० सालमा नेपाल फर्के। आफूले सिकेर आएको बुद्धशिक्षालाई नेपालका अबोध जनताले पनि सिकेर उनीहरूले आफ्नो जीवन सफल पार्न सकुन् भन्ने उद्देश्यले बि.सं. २०२२ सालमा धर्मकीर्ति विहार स्थापना गरे[२०]।

## ३.२ धम्मवती गुरुमांको उदयसंगै धर्मकीर्ति विहार

वि.सं. १९९१ को आषाढ (सन् १९३४, जुलाई) महिनामा पाटनको वकुबहालमा जन्मनु भएका वहाँ पिता हर्षमान शाक्य र माता हेराथकुं शाक्यकी एकलौटी सुपुत्री थिइन् । मातापिताको तर्फबाट वहाँले आफ्नो नाम गणेशकुमारी पाएकी थिइन ।[२१]

तीक्ष्ण बुद्धि भएकी गणेशकुमारीको सानैदेखि बुद्धशिक्षा अध्ययन गर्ने ठूलो अभिलाषा थियो । त्यतिबेला पाटनको सुमंगल विहारमा भिक्षु बुद्धघोष (फोटो नं. ६) ले स-साना बालबालिकाहरूलाई बुद्धधर्मको प्रारम्भिक शिक्षाका कक्षाहरू सञ्चालन गरिरहेका थिए । त्योबेला नेपालमा बालिकाहरूले स्कुलमै उच्चस्तरको अध्ययन गर्ने चलन थिएन । सुमंगल विहारमै बुद्धधर्मको प्रारम्भिक शिक्षा

---

२० वीर्यवती, "धम्मवती गुरुमां र धर्मकीर्ति विहार", **चिरसम्मानित गुरुमां धम्मवती,** (सं.) रीना तुलाधर, काठमाडौं: धर्मकीर्ति प्रकाशन, वि.सं.२०७०, पृ. ८२

२१ रत्न सुन्दर शाक्य, **अनागारिका धम्मावती**, काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०४९, पृ. १



Downloaded from http://www.dhamma.digital

अध्ययन गर्दागर्दै गणेशकुमारीले उच्च अध्ययनको लागि बर्मा जाने अठोट गरिन् । किनभने त्योबेला नेपालमा सुमंगल विहारमा आईराखेका बर्मी भिक्षु धम्मावुध (फोटो नं. ५) बाट तिनले थाहा पाइन् कि बर्मा देशसम्म पुग्नसके बुद्धधर्मको उच्चस्तरीय अध्ययन गर्न सकिने छ ।[२२]

नेपालमा आधुनिक शिक्षापद्धतिका हाइस्कुलहरू त्यति व्यापक रूपमा प्रचलित भइसकेको नभएतापनि गणेशकुमारी झैं हुने खाने खालका मध्यमवर्गीय परिवारका छोरीहरूका लागि भने दुर्लभ थिएन । आधुनिक शिक्षापद्धतिका संस्कृत साहित्य पढाइने पाठशालाहरू पनि त्यो समयमा जताततै थिए । तर गणेशकुमारीले सबैभन्दा बढी दिलचस्पी भिक्षु बुद्धघोषबाट पालि साहित्य अध्ययन गर्नमा नै लगाएकी थिई । गणेशकुमारीले एक वर्षको अवधिमा परित्राण, लोकनीति र धम्मपद अध्ययन गर्न पाएकी थिईन । तर गणेशकुमारी तथा उनका सहपाठीहरूले पालि साहित्य अध्ययनको पहिलो वर्ष मात्र बिताइसकेपछि, अन्य बुद्धशासनिक कार्यका कारण भिक्षु बुद्धघोष भारतको कुशीनगर जानुपरेको थियो । भिक्षु बुद्धघोष कुशीनगर गएपछि गणेशकुमारी तथा उनका सहपाठीहरूको पालि बौद्ध साहित्य अध्ययन गर्ने तीब्र इच्छा त्यसै अधुरो रहन गएको थियो ।[२३]

“आमा ! त्रिपिटक पढ्न मलाई बर्मा पठाउने होइन ? हेर्नुस् आमा ! म त एकदिन जसरी भएपनि बर्मा जान्छु, जान्छु । बर्मामा गएर सम्पूर्ण त्रिपिटक सिकेर मात्र म फेरि घर फर्कने छु ।[२४]

---

२२ लोचन तारा तुलाधर, “नेपालमा बुद्धधर्मको प्रचारप्रसारमा थेरवादी भिक्षुणीहरू (अनागारिका) को योगदान”, **नेपालमा थेरवाद-बुद्धधर्म : एक अध्ययन,** रीना तुलाधर (सं.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, वि.सं. २०७२, पृ. १२८

२३ मोतिकाजी शाक्य, (अनु), **स्नेही छोरी**, काठमाडौं: धर्मकीर्ति, बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७, पृ. ८–९

२४ उही, पृ. ११



Downloaded from http://www.dhamma.digital

गणेशकुमारीको आमाको मनमा पनि आफ्नी छोरीले थेरवाद बुद्धधर्मको गहिरो अध्ययन गर्न पाओस् भन्ने चाहना त थियो । तर त्यसको अध्ययन गराउने व्यवस्था नेपालभर कतै, कुनै पनि रूपमा थिएन । थेरवाद बुद्धधर्मको अध्ययन गराउने एक मात्र उपाय बर्मी स्थविरले भने झैं आफ्नी छोरीलाई बर्माको कुनै एउटा अनगारिकाराममा पठाउने व्यवस्था गरिदिनु नै थियो ।[२५]

गणेशकुमारी शाक्यको सदिच्छा साकार पार्न लक्ष्मीमाया (फुपु) र हीराथकुं (आमा) ले मात्र साथ दिएका थिएनन्, गणेशकुमारीका माहिलो दाजु मानकाजिले पनि साथ दिएका थिए । गणेशकुमारीलाई अभिनिष्क्रमण गराई उनलाई कुशीनगरसम्म छोडेर आउने समेत जिम्मा मानकाजिले लिएका थिए भने मनोहरादेवी र शुभलक्ष्मीलाई पुऱ्याउन लक्ष्मीमाया स्वयं पनि कुशीनगरसम्म जाने भएकी थिइन् ।[२६]

नेपालमा राणाशासनको त्यो शोषित, सङ्कुचित समाजमा एउटी बालिकाले विदेश गएर पढ्नु ठूलो चुनौतीको कुरा थियो । तर पनि गणेशकुमारीले आमाबाबु सामू बर्मा गएर बुद्धधर्मको उच्चशिक्षा अध्ययन गर्ने ढिपी छाडिनन् । उनी सक्दो प्रयास गरी आफ्ना दुई सखीहरू मनोहरादेवी शाक्य र शुभलक्ष्मी शाक्यसंग परिवारको अनुमति बिना भारतको कुशीनगर पुगिन्[२७]।

जेठ महिनाको गर्मी रातको समयमा रातको दुई बजेतिर खाटमा पल्टिएका गणेशकुमारी कोल्टे फेरिरहेकी थिईन् । उनी निदाउने क्रममा होइन बरु खाटबाट उठ्ने समयको प्रतिक्षामा छटपटिरहेकी थिइन् । त्यो रात उनको यात्रारम्भ हुने दिन थियो । त्यही दिन विहान उनका सहयात्रीहरू मनोहरादेवी, शुभलक्ष्मी

२५ पूर्वोक्त पादटिप्पणी सं. २३, पृ. ११–१२

२६ उही, पृ. १२

२७ पूर्वोक्त पादटिप्पणी सं. १, पृ. १२८



Downloaded from http://www.dhamma.digital

र उनीहरूका आमा लक्ष्मीमाया मोटर लिएर सम्पूर्ण सामानहरू सहित व्यवस्था गरेर घरबाट निस्के ।[२८]

गणेशकुमारीका लागि चिरस्मरणीय त्यो दिन १९५०(१९४९?)मई महिनाको १६ तारिख तद्अनुसार बिक्रम सम्बत् २००६ जेष्ठ मंगलबार थियो ।[२९]

“बर्मा जानु अगाडि पहिला यहाँ केटीहरूले पढ्न हुँदैन भन्ने धारणा थियो । सात अक्षर जान्यो कि बोक्सी हुन्छ भनेर पढ्न दिइँदैनथ्यो । बुद्धघोष भन्ते आउनु भएपछि म लुकीलुकी उहाँकहाँ गएर किताब लुकाईलुकाई पढ्न जान्थें । पढ्न गएको भनेर थाहा पाउन दिनु हुन्थेन । केटाहरूले लखेटेर ल्याउँथे । यिनी बोक्सी मन्त्र सिक्न गयो भनेर सहँदैनथे । अनि लुकीलुकी पढ्न जान्थें । त्यो बेला पढिरहेको समयमा बर्माबाट धम्मवुध भन्ते आउनुभएको थियो । वहाँ भन्तेले तिमीहरूको देशमा के दुःख छ, के सुख छ भनी सोध्नुभयो । मैले हाम्रो देशमा पढ्न नपाउने र बुद्धधर्मको अध्ययन गर्न नपाउने दुःख छ । केटीहरूले पढ्न नपाउने मात्र दुःख छ भनें । बर्मी भन्तेले उसो भए बर्मामा पढ्न आऊ भने, मैले हुन्छ भनेर जाने निधो गरें ।”[३०]

१४ वर्ष बर्मामा बुद्धधर्म, बुद्धशिक्षा विशेष गरी त्रिपिटक ग्रन्थको गम्भिर अध्ययन पश्चात “सासनधज धम्माचरिय” उपाधि हासिल गरि वि. सं २०२० सालमा उनी नेपाल फर्किन् । एकजना विदेशी, त्यसमाथि महिलाले सो उपाधि प्राप्त गर्न सफल भएकोमा बर्मी जनता पनि खुसी देखिन्थे र उनको नाममा सन् १९६३मा बर्मी भाषामा एउटा उपन्यास “तेमि छेत्” तयार भएको देखिन्छ । जसको नेपालभाषामा “यःम्ह म्ह्याय्” र नेपालीमा “स्नेही छोरी”

---

२८ पूर्वोक्त पादटिप्पणी सं. २३, पृ. ४५

२९ उही, पृ. ४९

३० प्रत्यक्ष अन्तर्वार्ता, धम्मवती गुरुमां, २०७५।१२।१८



Downloaded from http://www.dhamma.digital

को रुपमा पनि अनुवाद भयो भने सन् २०१६ मा अंग्रेजी भाषामा Beloved Daughter (फोटो नं. १०) भनी अनुवाद भएको देखिन्छ ।

अध्ययन सकिने बित्तिकै धम्मवती गुरुमां (फोटो नं. ९) आफ्ना सहकर्मी मा गुणवती गुरुमां (फोटो नं. ७) र रत्नमञ्जरी गुरुमां (फोटो नं. ८)सँगै आफ्नै जन्मथलो पाटनको घरमा दुई महिनासम्म बसोबास गरे । त्यतिबेला धम्मवती गुरुमांको पिता दिवंगत भइसक्नुभएको थियो । तर गुरुमांकी आमा हेराथकुंले राम्रैसंग हेरविचार गर्नु भएकोले दुई महिनासम्म त उहाँहरूको जीवन सजिलै बित्यो भन्नुहुन्छ, धम्मवती गुरुमां ।[३१]

"बि.सं. २०२० सालमा बर्माबाट नेपालमा आएको, त्यसपछि कहीं बस्ने ठाउँ नभएर घरमै बसें । त्यसबेला अरू विहार भन्ने नै थिएन र आनन्दकुटी विहार र सुमंगल विहार मात्र थियो । अनागारिकाहरू बस्ने विहार किण्डोलमा धर्मचारी गुरुमां बस्नुहुन्थ्यो ।"[३२]

नेपालमा भएका थेरवाद विहारहरू मध्ये धर्मकीर्ति विहार पनि एक हो । श्री घः चैत्यको उत्तरपट्टि अवस्थित धर्मकीर्ति विहार करीब ६० फीट x ६२ फीटको जग्गामा निर्मित र बि.सं. २०२२ सालमा स्थापना गरिएको (फोटो नं. १) यस थेरवाद विहारमा भिक्षुणी तथा अनागारिकाहरू बसोबास गर्छन् । धर्मकीर्ति विहारको स्थापना गर्ने संस्थापक भिक्षुणी धम्मवती गुरुमां हुन् । धमकीर्ति विहारको स्थापनादेखि यसको संचालन तथा संरक्षण कार्यमा धम्मवती गुरुमां पूर्णरूपमा समर्पित हुँदै आइरहेको छ । नेपालमा थेरवाद बुद्धधर्मको उहाँ वर्तमानकी एक आदर्श नारी

---

३१ रीना तुलाधर "धर्मकीर्ति विहार स्थापनाको पृष्ठ भूमि केही सत्य तथ्य", **चिरसम्मानित गुरुमां धम्मवती,** (सं.) रीना तुलाधर, काठमाडौं: धमकीर्ति प्रकाशन, वि.सं. २०७०, पृ. ११०

३२ प्रत्यक्ष अन्तर्वार्ता, धम्मवती गुरुमां, २०७५।१२।१८



Downloaded from http://www.dhamma.digital

हुन् । बि.सं. २०२० सालमा बर्माबाट बुद्धधर्मको अध्ययन पूरा गरेर नेपाल फर्केकी धम्मवती गुरुमां निरन्तर रूपमा बुद्धशिक्षा प्रचारप्रसारको साथसाथै बुद्धधर्म सम्बन्धि हरेक क्रियाकलापमा अगाडि छन् ।[३३]

बर्माको मोलमिनमा बुद्धधर्म अध्ययनका लागि खेमाराम नन्स स्टडी सेन्टर भन्ने प्रसिद्ध विहारमा भर्ना भइन् । यस विहारका विहाराधिपति दो पञ्ञाचारी गुरुमांको छत्रछायामा धम्मवतीले रातदिन गरी पढ्न थालिन् । बि.सं. २०१५ साल भित्रमा विभिन्न परीक्षामा उत्तीर्ण हुँदै पालिमा तक्षशिला आचार्यद्वारा लिइने अत्यन्त कठिन "धम्माचरिय" परीक्षाका लागि उनी तयार भइन् । यसरी १२ वर्षको अध्ययनकाल पूरा भएपछि 'सासनधज धम्माचरिय' जस्तो अति उच्चस्तरको उपाधि हासिल गर्न सफल भइन् । म्यान्मारको बुद्धधर्मको इतिहासमा सासनधज धम्माचरिय उपाधि पाउने उनी पहिलो विदेशी महिला भइन् । बर्मामा रहुन्जेल जेहेनदार छात्राको रूपमा चर्चित उनी "मानिपो" (नेपाली चेली) नाउँले प्रख्यात भइन् । त्यसपछि उनी २ वर्षमै थप अध्ययन तथा अध्यापनको कार्य गरी बसिन् ।[३४]

Dhamma.Digital

धम्मवती गुरुमांको उद्देश्य नेपालमा थेरवाद बुद्धधर्मको प्रचार गर्नु थियो । त्यसैले उनले प्रव्रजितहरूलाई विशेष सुविधा र संरक्षण प्राप्त बर्मा देश छाडी नेपाल फर्कने तरखर गरिन् । तर जातीय विभेदको संस्कारले ग्रसित अनि नारी जातिप्रति अवहेलनाको दृष्टि राख्ने त्यतिबेलाको समाज सम्झिँदा आफू एक्लैले धर्मप्रचार गर्न कठिन हुने अनुमान भयो । आफ्ना सहपाठीहरू बर्मी अनागारिकाहरूतिर उनको दृष्टि फैलियो । सयौं अनागारिकाहरूबीच उनले आफूसँग नेपालमा धर्मप्रचार गर्न साथ दिन सक्ने व्यक्ति दो गुणवती (मा गुणवती) लाई देखिन् । मा

---

३३ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ९,पृ. ५७–५८

३४ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. २२, पृ. १२९



Downloaded from http://www.dhamma.digital

गुणवती एक करुणाकी प्रतिमूर्ति व्यक्ति थिइन् । जसको साथ धम्मवती गुरुमांले नपाएको भए यस महान् कार्यमा सफलता पाउन गाह्रो हुने थियो । मा गुणवती गुरुमां धम्मवती गुरुमांको जीवनमा एउटा छुट्टै अध्याय हो । नेपालका अज्ञानी मानिस विशेष गरी समाजमा महिलाहरूप्रति हुने विभेदपूर्ण व्यवहारका कुराहरू धम्मवती गुरुमांबाट सुन्दै गर्दा मा गुणवतीको मनमा नेपालीहरूप्रति असीम करुणा जाग्थ्यो । त्यसैले उनी नेपालमा ज्ञानको ज्योति फैलाउने कार्यमा धम्मवतीलाई सघाउन उनीसंगै नेपाल आउन तयार भइन् । कलकत्तामा पुग्दा अनागारिका रत्नमञ्जरीलाई उनीहरूले भेटे । त्यहाँबाट बर्मी भिक्षुणी मा गुणवती र रत्नमञ्जरी गुरुमांसंगै धम्मवती गुरुमां वि.सं. २०२० मा नेपाल फर्किइन् ।[३५]

## ३.३ धर्मकीर्ति विहार स्थापनाको पृष्ठभूमि र विहारको विस्तार

काठमाडौं पुग्नासाथ यहाँ गुरुमांहरूका लागि बस्ने छुट्टै विहार नभएको कारण धम्मवतीको आमा हेराथकु शाक्यले आफ्नो घर पाटनमा लगिन् । दुई महिनासम्म उनीहरूको बसाई त्यहीं भयो ।

“बर्मामा अध्ययन गरेर नेपाल फर्केपछि सुरुमा बस्ने ठाउँ नभएर घरमा ३-४ महिना बसें । त्यो समयमा गणमहाविहार भर्खर-भर्खर बन्दै थियो । त्यो बेला गणमहाविहारमा केही थिएन । सानो ढिस्को मात्र थियो । त्यहाँ साना-साना बच्चाहरूलाई सुमंगल भन्तेले बुद्धधर्मको शिक्षा दिँदै गरेको थियो । विहार राम्रोसंग नबनेकोले यत्तिकै चोकमा राखेर पढाउँथें । पछि सुमंगल भन्तेलाई जापानबाट स्कलरशिप आएको हुनाले वहाँ जापान जानुपरेकोले बच्चाहरूलाई पढाउनकोलागि हामीहरूलाई जिम्मा दिएर जानुभयो । त्यसबेला

---

३५ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. २२, पृ. १२९



Downloaded from http://www.dhamma.digital

ज्ञानमानकाजी र भाजुरत्न दुईजना दाजुभाइको ज्या:बहालस्थित घर ठूलो भएकोले हामीहरू पनि त्यही घरमा पढाउने गर्थ्यौं ।"[३६]

श्रीघ:सम्म आउन जान गाह्रो भएकोले काठमाडौंको केलटोल त:खाछेँका दानलक्ष्मीले गुरुमांहरूलाई आफ्नै घरमा राख्नुभयो । त्यहाँ राम्रोसंग खानबस्न सबै व्यवस्थाहरू सुविस्ता हुन्थ्यो । धम्मवती गुरुमांले दानलक्ष्मी उपासिकाले लगाएको गुण सम्झी त्यतिबेला गुरुमांहरूलाई सबैभन्दा धेरै सहयोग गर्ने दानलक्ष्मी उपासिका नै हुन् भन्नुहुन्छ । धर्मकीर्ति विहार बनिरहेको समयमा सहयोग गर्ने तीनजना उपासिका मध्ये लक्ष्मीप्रभा तुलाधरले ऐना, सिसा जम्मै किनीदिएको, केशरी लक्ष्मी कंसाकार उपासिकाले जस्तापाता जति जम्मै किनिदिएको तथा दानलक्ष्मी उपासिकाले काठ जति जम्मै किनिदिएर विहार बनाउनको लागि ठूलो सहयोग गरेका थिए । दानलक्ष्मीले आफ्नो सुनका दुइवटा चुरा बेचेर रकम जुटाएको रहेछ[३७] ।

पछि न:घलटोल श्रीघ: स्थित श्री रत्न बहादुर मालीको ६० फिट लम्बाई र ३१ फिट चौडाई भएको जग्गा खरिद गर्ने निर्णय गरियो । धम्मवती गुरुमांका पिता हर्षमान शाक्यले जग्गाको मूल्य तिर्न रु ३,०००।- उपलब्ध गराएका थिए । जग्गा खरिदको रजिष्ट्रेशन पास गर्न रु ५००।- काठमाडौं ज्याबहालका चतुरत्न शाक्यले दिए । यसरी जग्गा प्राप्त भएपछि जग्गामा विहार बनाउने उपासकउपासिकाहरूको मनसाय अनुसार असनका लक्ष्मीप्रभा तुलाधर, जमलका केशरी कंसाकारको विशेष सहयोगका साथै अन्य उपासक उपासिकाहरूको सहयोगमा रु ६५,०००।- को लागतमा ४२ फिट लम्बाई २१ फिट चौडाई भएको एक तल्ले भवनको निर्माण भएको थियो । काठमाडौंको मरु टोलका हेरालानी ताम्राकार उपासिकाले धम्मवती गुरुमांको तर्फबाट धर्मप्रचार गर्नको

---

३६ प्रत्यक्ष अन्तर्वार्ता, धम्मवती गुरुमां, २०७५।१२।१८

३७ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ३१, पृ. १३७–१३८



Downloaded from http://www.dhamma.digital

लागि बनाइएकोले यस विहारको नाम "धर्मकीर्ति" नै राख्ने निर्णय गरिएको थियो । यसरी बि.सं. २०२२ बैशाख २६ गते शनिवारका दिन विहारको समुद्घाटन भयो ।[३८] यस विहार स्थापना गर्नमा बर्माबाट साथै लिई आएकी मा गुणवती गुरुमां र कलकत्ताबाट साथै लिइ आएकी रत्नमञ्जरी गुरुमांको पनि महत्वपूर्ण योगदान रहेको थियो । तसर्थ धम्मवती गुरुमांका अनुसार उनीहरू दुबै जना यस धर्मकीर्ति विहारका सह-संस्थापिकाहरू हुन् ।

### ३.३.१ मा गुणवती गुरुमां

म्यानमार (बर्मा)को मुदौं राज्यको कोबरा भन्ने गाउँमा सन् १९२४ डिसेम्बरमा पिता ऊ मे र माता दो ए त्येङ्को कोखबाट जन्मेका मा गुणवती गुरुमां १२ वर्षको उमेरमा मोलमिन शहरको भङ्गु च्याउँ विहारमा अनागारिका प्रब्रजित भई सन् १९४२ मा मोलमिनको खेमाराम नन्स स्टडिज सेन्टरबाट धम्माचरिय पास गरि बि.सं. २०२० साल आश्विन ३ गते धम्मवती गुरुमांका साथ नेपाल आएकी थिइन् । नेपालमा उनीले बुद्धशिक्षा प्रचारप्रसारमा तीन दशक भन्दा बढी योगदान गरिन् । त्यस दौरान धर्मकीर्ति विहारको स्थापनामा योगदान, विहारमा आउने निरक्षर उपासिकाहरूलाई प्रौढ शिक्षाका कक्षा संचालन, विभिन्न हस्तकलाका तालिमहरू संचालन, युवाहरूलाई समसामयिक तालिम एवं विहारका आवासिक गुरुमांहरूलाई बुद्धशिक्षाका आधारभूत शिक्षादेखि जीवन व्यवहारका शिक्षा समेत दिएका थिए । आजीवन बुद्धशिक्षा प्रचार प्रसारमा लागेकी उनी बि.सं. २०७५ साल चैत्र १४ गते बर्मामा दिंवगत भए ।[३९]

---

३८ तुलाधर,पूर्वोक्त पादटिप्पणी सं. ९, पृ. ५९

३९ लोचनतारा तुलाधर, "भिक्षुणी अनागारिका दो गुणवती", वीर्यवती (सं.), *धर्मकीर्ति,* वर्ष ३६, अंक १३, काठमाडौं : भिक्षुणी धम्मवती, २०७६, बैशाख



Downloaded from http://www.dhamma.digital

### ३.३.२ रत्नमञ्जरी गुरुमां

वि.सं. १९७५ साल बाला चतुर्दशीका दिन धनकुटामा पिता हेमराज श्रेष्ठ र माता दिलकुमारी श्रेष्ठको कोखबाट जन्मिएकी नरेन्द्रकुमारी श्रेष्ठ वि.सं. २००२ माघमा कुशीनगरमा भिक्षु ऊ चन्द्रमणी महास्थविरको आचार्यत्वमा प्रब्रजित भई रत्नमञ्जरी गुरुमां बने । थेरवाद बुद्धधर्मको गहन अध्ययन अभ्यास र प्रचारकार्यमा विशेष योगदानको कदर स्वरुप उनीलाई म्यानमार सरकारबाट वि.सं. २०६२ साल जेठ २८ गते "महासद्धम्मजोतिकधज" पदविले विभूषित गरे ।

विपस्यना ध्यानको अभ्यास र प्रचारप्रसार कार्यमा दत्तचित्त उनी नेपाल विपस्यना केन्द्रको प्रथम महिला विपस्यना आचार्य भई करीब ६० वटा विपस्यना ध्यान सञ्चालन गरेका थिए । वि.सं. २०६३ असोज १९ गते धर्मकीर्ति विहार उनी दिंवगत भए ।[४०]

### ३.३.३ अध्ययन गोष्ठीको स्थापना

धर्मकीर्ति विहार स्थापना भएको ६ वर्षपछि धम्मवती गुरुमां र मा गुणवती गुरुमांको सत्प्रयासमा ३० जना युवाहरू सम्मिलित भई ७ जेष्ठ २०२८ (सन् १९७१)का दिन "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" नामक एक संस्था पनि स्थापना[४१] गरिएको थियो ।

### ३.३.४ विहारका अन्य संरचना

धर्मकीर्ति विहारमा धर्मउपदेश सुन्न आउने श्रद्धालुहरूको संख्या दिनपर दिन बढ्दै गएको थियो । ठूलो संख्यामा जम्मा हुने श्रद्धालुहरूका लागि विहार निकै सानो भएकोले विस्तारै गुरुमांहरू

---

४० लोचनतारा तुलाधर, "रत्न मञ्जरी गुरुमांको यसरी गुणानुस्मरण गरौं", भिक्षु अश्वघोष महास्थविर (प्र.सं.), **धर्मकीर्ति**, बर्ष २४, अंक ७, काठमाडौं : भिक्षुणी धम्मवती, २०६३, कार्तिक

४१ रीना तुलाधर (सं. ले), **धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष**, काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०५३, पृ. ८



Downloaded from http://www.dhamma.digital

लगायत विभिन्न दाताहरूको सहयोगबाट एक तल्ले विहारमा तल्ला थप्नुका साथै अन्य कोठाहरू पनि थपिंदै गए (फोटो नं.२)। पछि सबै भत्काइयो र पुनः निर्माण गरियो। आवश्यकता अनुसार भान्छा, कोठा, हल, शौचालय, धारा आदि सुविधाहरू थपिंदै लगियो।[४२]

"एक तल्ला मात्र विहार भएन भनेर मेरी आमाले फेरि अर्को एक तल्ला थपिदिनु भयो। यसरी दुइ तल्ले र आधा विहार बन्यो। पहिले त विहार सानो थियो। अगाडि बारी थियो, बारी सबै छोपेर विहार ठूलो बनायो र विहारको अगाडि बारीको बीच बाटोमा फूल रोप्ने र आधि बारीमा तरकारी रोप्ने गर्थ्यो। त्यस बारीमा सागसब्जीहरू पनि रोपियो। त्यो एउटा पात सागले तीन जनालाई खान पुग्थ्यो। त्यो बेला सानो भए पनि रमाइलो थियो। यसरी विस्तारै - विस्तारै यो विहार बनेको हो।"[४३]

## ३.४ धर्मकीर्ति विहारको नयाँ स्वरूप

विहारको भौतिक अवस्थालाई अध्ययन गर्दा धर्मकीर्ति विहारको पुननिर्माण गर्नु अत्यन्त आवश्यक भएको देखिन्छ। विहार भवनको उत्तर पट्टिको भाग जुन मणिहर्ष ज्योति तथा केशरी लक्ष्मी कंसाकारले जग्गा सहित बि.सं. २०३४ मा बनाउनुभएको थियो, त्यसलाई छोडेर दक्षिणपट्टिको भाग ज्यादै कच्चा भइसकेको थियो। बि.सं. २०२२ सालमा शुरुमा बनाउँदा हालिएको छोटो जगमाथि तीन तल्लासम्म थपिँदै लगिएकोले दक्षिणपट्टिको भित्री भाग कच्चा हुँदै गएको थियो। विहारको पुनःनिर्माणको प्रस्तावलाई सबैको राजीखुसिमा निर्णय भएको छ। यसरी उत्तरपट्टिको मणिहर्ष ज्योति परिवारले बनाउनु भएको पक्की भागलाई छोडेर दक्षिणपट्टिको भाग पूरै भत्काइयो।[४४]

---

४२ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ९, पृ. ५९

४३ प्रत्यक्ष अन्तर्वार्ता, धम्मवती गुरुमां, २०७५।१२।१८

४४ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ९, पृ. ६३



Downloaded from http://www.dhamma.digital

अन्तमा बि.सं. २०५७ पुष २२ गते शनिवारका दिन श्रद्धेय भिक्षु तथा भिक्षुणीहरूबाट परित्राण पाठ गराई धर्मकीर्ति विहार भवन पुन:निर्माणको शिलान्यास कार्य सम्पन्न गरिएको थियो । [४५]

चारतल्ला गरि नवनिर्मित सो भवन निर्माण सम्पन्न गरी वि.सं. २०५९ साल मंसिर ७ गते शनिबारका दिन उद्घाटन भएको थियो । [४६] (फोटो नं. ४)

## ३.४.१ हालको भवनको विवरण

२०७२ साल बैशाख १२ गते गएको भूकम्पको बेलाको घटना सम्झँदै धम्मवती गुरुमां भन्नुहुन्छ "नयाँ विहार भएकोले धेरै नै बलियो भयो र सुरक्षित पनि भयो । भाइराजा साहु र बसुन्धरा साहुनीहरूले यो विहार बलियो हुने गरि बनाइदिनुभएकोले भूँइचालो आए पनि त्यति क्षति भएन । पुरानो विहार भएको भए पूरै भत्किसक्थ्यो होला, पुरानो विहारमा पटक पटक गरि, सानो सानो गरि बनाइराखको थियो । पुरानो विहारमा तलपट्टि इँटाले बनाएको थिएन । भूँइचालो आयो भने सबै भत्किने खालको थियो । अहिले नयाँ भएकोले यो विहार बलियो छ भनेर भूँईचालो बेलामा धेरै जना मानिसहरू यहाँ बस्नआएका थिए । बाहिरका मान्छेहरू सबै यहाँ हुल हुने गरी बसेका थिए । त्यो बेला ट्वाइलेट एकचोटि जानलाई पनि उनीहरूलाई नाघेर जानुपर्थ्यो । एक पाइला राख्ने ठाँउ पनि थिएन । डरको कारणले मान्छेहरू यस विहारमा शरण लिन आएका थिए र हलभित्र तथा बाहिर भऱ्याङ्गसम्म पनि बसेका थिए । नयाँ विहार भएकोले सबैले सुविधापूर्वक बस्न पायौं । डराउन परेन, अलिकति भए पनि ढुक्क भएको छ । कहाँ कहाँका

---

४५ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ९, पृ. ६३

४६ रीना तुलाधर, "धर्मकीर्ति विहार भवन उहिलेदेखि अहिलेसम्म", भिक्षु अश्वघोष (प्र.सं.), **धर्मकीर्ति विहार स्वर्ण महोत्सव विशेषांक,** काठमाडौं : भिक्षुणी धम्मवती, २०७२, पृ. २०



Downloaded from http://www.dhamma.digital

मान्छेहरू, चिन्ने, नचिन्ने सबै जातजातिका मानिसहरू पनि आएका थिए । कोही त २–३ महिनासम्म पनि यही हलमा सुतेका थिए । त्यस्तै गरी मान्छेहरू घरमा जान डराएकाले यहीं बसेर खाना खाने, सुत्ने, बस्ने गर्थे । त्यस्तै गरी यस विहारबाट पनि भूकम्प पिडितहरूका लागि राहतको व्यवस्था गरिएको थियो (फोटो नं. २८) । इन्डियन एम्बेसीले दिएको राहत पनि बाँडिदिए । त्यसपछि काठमाडौं बाहिर पनि मेरा शिष्यहरूले धेरै दुर्गम गाँउहरूमा राहत बाँड्न गएका थिए । दाताहरूले जति पनि दिएको सामान, खाद्यान्न वस्तु पैसा इत्यादि सबै बाँडिदिएका थिए । त्यस्तै बंगलादेश, ताइवान, थाइलैण्डबाट पनि नगद, खाद्यान्न वस्तु, ब्लांकेट, रग, लुगाफाटा, औषधी अझ नेपालको लागि मात्र भनेर छुट्टै किसिमका बाम, भिक्सहरू पनि दान गरेका थिए । यसरी यस विहारबाट पनि सक्दो सहयोग गरिएको र विदेशीहरूबाट पनि धेरै मद्दत गरेका थिए ।"[४७]

धर्मकीर्ति विहारबाट नेपालमा थेरवाद बुद्धधर्म प्रचार प्रसार कार्यमा शुरुवातदेखि निरन्तर साथ र सहयोग दिनुहुनेहरू मध्ये नेपालका छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको योगदान अद्वितीय रहेको कुरा धम्मवती गुरुमां बताउनुहुन्छ ।

४७ प्रत्यक्ष अन्तर्वार्ता, धम्मवती गुरुमां, २०७६।१।१३



Downloaded from http://www.dhamma.digital

# अध्याय चार

# धर्मकीर्ति विहारको गतिविधिहरूबारे अध्ययन

## ४.१ परिचय

नेपालमा थेरवाद बुद्धधर्म प्रचार-प्रसार र उन्नति अभिवृद्धि गर्नका लागि धर्मकीर्ति विहारले आफ्नो स्थापनाकालदेखि नै विभिन्न गतिविधिहरू संचालन गरिआएको छ । त्यसको व्यवस्थापनका लागि उद्देश्यहरू तय गरेको छ (पृ.४) । साथै ती उद्देश्यहरू परिपूर्तिकालागि विभिन्न शाखा विहारहरू र विभिन्न इकाईहरू बनाएको देखिन्छ :

क) धर्मकीर्ति विहारका विभिन्न शाखा विहारहरूः

१. पद्मकीर्ति विहार - कमल पोखरी

२. धर्मकीर्ति बसुन्धरा विहार - बसुन्धरा

३. निर्वाणमूर्ति किण्डोल विहार - किण्डोल

४. सुलक्षणकीर्ति विहार - चोभार

५. गौतमी विहार, लुम्बिनी[४८] (फोटो नं. १९)

ख) धर्मकीर्ति विहारका विभिन्न इकाईहरूः

१. धर्मकीर्ति बुद्धपूजा कमिटी

२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

३. धर्मकीर्ति बौद्ध मासिक पत्रिका

४. धर्मकीर्ति स्वास्थ्य कमिटी

५. धर्मकीर्ति ज्ञानमाला भजन कमिटी

---

४८ मिना तुलाधर, 'धर्मकीर्ति विहार संरक्षण कोषको परिचय'', भिक्षु अश्वघोष (प्र.सं.), **धर्मकीर्ति विहार स्वर्ण महोत्सव विशेषांक,** काठमाडौंः भिक्षुणी धम्मवती, वि.सं. २०७२ वर्ष - ३३, अङ्क - १ पृ. ९१



Downloaded from http://www.dhamma.digital

६. धर्मकीर्ति शिक्षा सदन
७. धर्मकीर्ति पब्लिक इमेज कमिटी[४९]

## ४.२ उद्देश्य परिपूर्तिका गतिविधिहरू :

### ४.२.१. धर्मकीर्ति बुद्धपूजा कमिटीः

यस विहारमा प्रत्येक महिनाको संक्रान्ति, पूर्णिमा, औंसी र दुईवटा अष्टमी गरी महिनाको पाँच पटक बुद्धपूजा र धर्मदेशना हुँदै आएको देखिन्छ। त्यस्तै हरेक साल गुंला महिना (श्रावण शुक्ल र भाद्र कृष्णको एक महिना भरि) हरेक दिन बुद्धपूजा र धर्मदेशना गरिन्छ। यसका लागि बुद्धपूजा कमिटि गठन गरिएको देखिन्छ र प्रत्येक दुई वर्षमा यसको पुनर्गठन गर्ने गरिन्छ। विहार स्थापनाको २०२२ सालदेखि वि.सं. २०७१ साल चैत्र मसान्तसम्म जम्मा ५० वर्षमा करिब ३००० पटक नियमित बुद्धपूजा भएको देखिन्छ। त्यसैगरि प्रत्येक वर्षको गुँला महिना भरि बुद्धपूजा र धर्मदेशना हुने गरेको हिसाबले ५० वर्ष भित्र ५० वटा गुँला पर्व रहेको र त्यस अनुसार करिब १५०० पटक बुद्धपूजा र धर्मदेशना भएको पाइन्छ। यसरी बुद्धपूजाको कार्यक्रममा प्रायः गरी विहारकै आवासिक गुरुमांहरूबाट बुद्ध र बुद्धधर्म दर्शनबारे धर्मदेशना, प्रवचन गर्ने गरिन्छ भने बेलाबखतमा विद्वान भिक्षुहरू, बौद्ध व्यक्तित्वहरू र विदेशी भिक्षु एवं विद्वानहरूबाट समेत प्रवचन हुने गरेको पाइन्छ।

२०७२ जेठदेखि २०७५ चैत्रसम्मका बुद्धपूजाका गतिविधिहरू :

२०७२ साल भरि ५६ पटक बुद्धपूजा र धर्मदेशना सम्पन्न भएको देखिन्छ।[५०]

---

४९ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४८, पृ. ९१

५० 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १ देखि वर्ष ३३ अंक ११ सम्मबाट लिईएको



Downloaded from http://www.dhamma.digital

२०७३ साल भरि ६३ पटक बुद्धपूजा र धर्मदेशना सम्पन्न भएको देखिन्छ ।[५१]

२०७४ साल भरि ५६ पटक बुद्धपूजा र धर्मदेशना सम्पन्न भएको देखिन्छ ।[५२]

२०७५ साल भरि ६० पटक बुद्धपूजा सम्पन्न भएको देखिन्छ ।[५३]

२०७२ श्रावण १० गतेदेखि १७ गतेसम्म साप्ताहिक भिक्षुसंघबाट अभिधर्मपाठ, धर्मदेशना, जलपान र भोजनदान सम्पन्न भएको । यो कार्यक्रम धम्मवती गुरुमांको ८२ औं जन्मोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको थियो ।[५४] (फोटो नं. २३)

२०७२ श्रावण ३० गतेदेखि २०७२ भाद्र २८ गतेसम्म गुंला १ महिनाको बुद्धपूजा र धर्मदेशना ।[५५]

२०७३ असार ३० गतेदेखि श्रावण ६ गतेसम्म साप्ताहिक अभिधर्मपाठ, धर्मदेशना, जलपान र भोजनदान । यो कार्यक्रम धम्मवती गुरुमांको ८३ औं जन्मोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको थियो ।[५६]

२०७३ श्रावण १९ गतेदेखि २०७३ भाद्र १७ गतेसम्म गुंला १ महिनाको बुद्धपूजा र धर्मदेशना ।[५७]

---

५१ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३४ अंक १ देखि वर्ष ३४ अंक १२ सम्मबाट लिईएको

५२ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३५ अंक १ देखि वर्ष ३५ अंक १२ सम्मबाट लिईएको

५३ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३६ अंक १ देखि वर्ष ३६ अंक १२ सम्मबाट लिईएको

५४ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक ४ पृ. १७

५५ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक ५ पृ. अन्तिमको भित्री

५६ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३४ अंक ४ पृ. १८-१९

५७ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३४ अंक ५ पृ. १७



Downloaded from http://www.dhamma.digital

२०७४ असार ३० गतेदेखि श्रावण ६ गतेसम्म साप्ताहिक अभिधर्मपाठ, धर्मदेशना, जलपान र भोजनदान । यो कार्यक्रम धम्मवती गुरुमांको ८४ औं जन्मोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको थियो ।[५८]

२०७४ श्रावण ९ गतेदेखि २०७४ भाद्र ३० गतेसम्म गुंला १ महिनाको बुद्धपूजा र धर्मदेशना ।[५९]

२०७५ श्रावण ६ गतेदेखि श्रावण १३ गतेसम्म साप्ताहिक अभिधर्मपाठ, धर्मदेशना, जलपान र भोजनदान । यो कार्यक्रम धम्मवती गुरुमांको ८५ औं जन्मोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको थियो ।[६०]

२०७५ श्रावण २७ गतेदेखि २०७५ भाद्र २५ गतेसम्म गुंला १ महिनाको बुद्धपूजा र धर्मदेशना ।[६१]

## ४.२.२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

प्रौढ व्यक्तिहरूलाई ज्ञान दिलाउनको लागि बुद्धपूजा आदि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आए जस्तै युवायुवतीहरूकालागि बुद्धशिक्षा अध्ययनार्थ "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"को सञ्चालन वि.सं. २०२८ सालदेखि हुँदै आएको पाइन्छ । भिक्षु अश्वघोष महास्थविरको सक्रियतामा अ. धम्मवतीको अध्यक्षतामा बि.सं. २०२८ जेष्ठ ७ गते (ई.सन् १९७१ मे २१ तारिख) छुट्टै कार्यकारिणी समिति भएको "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"को स्थापना भयो ।

विहारकै उद्देश्यसँग मेल खाने गरी गोष्ठीका चार मुख्य उद्देश्यहरू निर्धारण गरिए । ती हुन् :

---

५८ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३५ अंक ५ पृ. १८

५९ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३५ अंक ६ पृ. १९

६० 'धर्मकीर्ति, मासिक पत्रिका वर्ष ३६ अंक ५ पृ. २३

६१ 'धर्मकीर्ति, मासिक पत्रिका वर्ष ३६ अंक ६ पृ. २३



Downloaded from http://www.dhamma.digital

१. व्यावहारिक बौद्धशिक्षाको अध्ययन गर्ने

२. गाउँ गाउँमा बुद्धधर्मको प्रचार गर्ने

३. वर्षमा एकचोटी बौद्धशिक्षा सम्बन्धि पत्रिका प्रकाशन गर्ने

४. देश विदेशका बौद्ध विद्वानहरूको स्वागत सम्मान गर्ने ।[६२]

सर्वप्रथम ३० जना युवायुवतीहरूको समूहबाट शुरु भएको यस गोष्ठीमा बुद्धधर्मप्रति श्रद्धा हुने सबै युवायुवतीहरूले सदस्यता शुल्क रु १५०।- प्रति वर्ष बुझाई सदस्य बन्न सक्ने प्रावधानअनुरूप हाल यसको सदस्य संख्या ४२५[६३] पुगेको छ । यो संख्या २०७५ चैतसम्मको हो ।

यस गोष्ठीको निहित उद्देश्य प्राप्तिका लागि समय समयमा विभिन्न इकाईहरू बनाएको देखिन्छ । हाल यस गोष्ठी अन्तर्गत निम्न अनुसारका इकाईहरू रहेको पाइन्छ :

क) शनिवारीय कक्षा

ख) धर्मकीर्ति बौद्ध पुस्तकालय

ग) अल्पकालीन श्रामणेर ऋषिनी प्रव्रज्या[६४]

## ४.२.२.१ अध्ययन गोष्ठी शनिवारिय कक्षा

गोष्ठीको उद्देश्य अनुरूप व्यावहारिक बौद्धशिक्षाको अध्ययन गर्ने सिलसिलामा शुरुमा प्रत्येक शुक्रबार दिउँसो कक्षा संचालन हुने गरेकोमा पछि समय र परिस्थिति अनुसार कक्षाको समय र दिनहरू परिवर्तन गर्दै लगेर हाल प्रत्येक शनिबार बिहान ८:३० बजेदेखि कक्षा संचालन हुने गर्दछ ।[६५]

---

६२ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४१, पृ. ९

६३ ध.की.बौ.अ.गोष्ठीका सचिव लोचन तारा तुलाधरबाट जानकारी ।

६४ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४८, पृ. ९१

६५ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४१, पृ. ११



Downloaded from http://www.dhamma.digital

उक्त कक्षाहरूमा बुद्धले देशना गर्नुभएको नैतिक शिक्षा सम्बन्धी व्यावहारीक विषयहरूमा प्रवचन, छलफल, वादविवाद र कहिलेकाहीं हाजिर जवाफ कार्यक्रमहरू पनि सञ्चालन भइआएको देखिन्छ। ती कक्षाहरू भिक्षुहरू, गुरुमांहरू र बौद्ध विद्वानहरूबाट संचालन हुने गरिन्छ। प्रत्येक शनिबार कक्षा हुने भनिए पनि कहिलेकाहीं विभिन्न कारणवश कक्षा नहुने पनि गरेको पाइन्छ।

यसरी संचालन भएका कक्षाहरूको विवरण अनुसूची १ मा दिइएको छ।

## ४.२.२.२ धर्मकीर्ति बौद्ध पुस्तकालय

गोष्ठीका सदस्यहरू तथा गोष्ठीमा आउनेहरूका लागि अध्ययनार्थ पुस्तकहरूको पनि आवश्यकतालाई मध्य नजर राख्दै गोष्ठी अन्तर्गत एक पुस्तकालय बि.सं. २०३१ सालमा स्थापना भएको देखिन्छ। यसको संचालन गोष्ठीका सदस्यहरूको संयुक्त प्रयासले हुँदै आइरहेको पाइन्छ। समय समयमा पुस्तकालय संचालनार्थ कमिटि पनि बनेको देखिन्छ। यस पुस्तकालयमा विभिन्न दाताहरूबाट दान गरिएका विभिन्न भाषा र विषयहरू, विशेष गरी बुद्धधर्म र दर्शनका पुस्तकहरू पाइन्छन्। यसै गरी भारतीय राजदूतावासबाट सन् २००८ र २०११ मा पुस्तक अनुदान दिइएको थियो। श्रीलंका राजदुताबासबाट पनि त्रिपिटक सेट प्रदान गरिएको थियो। त्यस्तै ताइवानको संस्थाबाट पनि पुस्तकहरू प्राप्त गरेको देखिन्छ।[६६]

## ४.२.२.३ अल्पकालीन श्रामणेर। ऋषिणी प्रब्रज्या

नेपाली समाजका धेरैजसो जातजातिमा बालिकाहरूलाई उमेर पुगेपछि गुफा राख्ने चलन चल्दै आइरहेको देखिन्छ। सामाजिक र आर्थिक हिसाबले विपन्न परिवारदेखि सुसम्पन्न

---

६६ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ४९-५०



Downloaded from http://www.dhamma.digital

परिवारमा यो प्रथा कायमै छ र आ-आफ्नै स्तर अनुसार गुफा राख्ने गरिन्छ ।

यस चलनलाई परिमार्जन गरी धम्मवती गुरुमांबाट बालिकाहरूलाई अँध्यारो कोठामा गुफा राख्नुको सट्टा विहारमा राख्दा शीलपालन र धर्मको अध्यास पनि गर्न पाइने भनी उनीहरूलाई विहारमै ऋषिणी प्रब्रज्या दिलाई राख्ने चलन चलाएको देखिन्छ । यो चलन वि.सं. २०२२ सालदेखि सुरु भएको पाइन्छ । शुरु शुरुमा १२ दिन विहारमा बस्नु पर्नेलाई पछि विद्यालयमा धेरै लामो बिदा लिनुपर्ने भएको हुनाले हाल आएर २ अथवा ३ दिन मात्र विहारमा बस्ने चलन चलाएको देखिन्छ । सुरुमा २५-३० जना बालिकाहरूबाट सुरु भएको संख्या पछि बढ्दै गएको पाइन्छ । प्रायः महिनाको १ पटक र कहिलेकाहीं अभिभावकहरूको माग बमोजिम पनि विभिन्न समयमा यो ऋषिणी प्रब्रज्या शिविर सञ्चालन भएको देखिन्छ ।

यसरी संचालन भएको कार्यक्रममा वि.सं. २०२३ सालदेखि २०७१ सम्ममा कूल संख्या ६२०[६७] पुगेको देखिन्छ । (फोटो नं. १६)

नियमित शिविरको अलावा वर्षको २ पटक सातदिने ऋषिणी र श्रामणेर प्रब्रज्या (फोटो नं. १४) शिविर पनि २०५९ सालदेखि निरन्तर हुँदै आइरहेको देखिन्छ ।[६८] (फोटो नं. १७) । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले चौधौं पटकसम्मको अल्पकालिन श्रामणेर, गुरुमां एवं ऋषिणी प्रब्रज्या कार्यक्रम संचालन गरिदै आएको विवरण अनुसूची २ मा दिइएको छ ।

---

६७ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ४६

६८ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. १, ४५ र धर्मकीर्तिका विभिन्न अंकहरूमा प्रकाशित समाचारहरू अनुसार



Downloaded from http://www.dhamma.digital

### ४.२.२.४ बौद्ध विद्वानहरूको स्वागत

यस विहारको एउटा इकाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको एउटा उद्देश्य स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत सत्कार तथा विचारको आदानप्रदान गर्नु रहेको देखिन्छ । यही उद्देश्य अनुसार नेपालमा आएका विभिन्न विदेशी विद्वानहरूलाई विहारमा स्वागत गरेको र उनीहरूबाट प्रवचन एवं विचारको आदानप्रदान भएको देखिन्छ । वि.सं. २०२८ सालदेखि २०७५ सालसम्ममा विहारमा स्वागत गरिएका विदेशी बौद्धविद्वानहरूको विवरण अनुसूची ५ मा दिइएको छ। (फोटो नं. ११, १२, १३, २५)

### ४.२.३. धर्मकीर्ति बौद्ध मासिक पत्रिका

धर्मकीर्ति विहारको गतिविधि तथा राष्ट्रभरीका बौद्ध गतिविधिको समाचार राष्ट्रभरी फैलाउने उद्देश्यले आफ्नो मुखपत्रको रूपमा प्रत्येक महिना "धर्मकीर्ति" पत्रिका प्रकाशन गर्ने क्रममा बि.सं. २०२९ सालको बैशाख पूर्णिमामा पहिलो अंक प्रकाशन भएको देखिन्छ । यस पत्रिकाको विकासक्रमको बारेमा निम्न विवरणबाट स्पष्ट हुने देखिन्छ ।

Dhamma.Digital

वि.सं. २०२९ देखि वि.सं. २०७१ सम्ममा :

वार्षिक रूपमा प्रकाशन २०२९ देखि २०४० सम्म जम्मा अंक १२

द्वैमासिक रूपमा २०४० असारदेखि २०४२ बैशाखसम्म जम्मा १२ अंक

मासिक रूपमा २०४२ असारदेखि २०७१ बैशाखसम्म जम्मा २५६[६९] अंक

२०७२ सालमा बैशाखदेखि चैत्रसम्म १२ अंक[७०]

---

६९ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ५५-६५

७० धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १ देखि १२ सम्म



Downloaded from http://www.dhamma.digital

२०७३ सालमा बैशाखदेखि चैत्रसम्म १२ अंक[७१]
२०७४ सालमा बैशाखदेखि चैत्रसम्म १२ अंक[७२]
२०७५ सालमा बैशाखदेखि चैत्रसम्म १२ अंक[७३]

यस पत्रिका हाल (२०७६ असारसम्म) यसको संख्या वर्ष ३६ अंक १५ पुगेको छ ।

शुरुदेखि प्रधान सम्पादक भिक्षु अश्वघोष र शुरुदेखि प्रकाशक भिक्षुणी धम्मवती रहेको देखिन्छ ।

साथै सम्पादक र सम्पादन सहयोगीको रूपमा विभिन्न महानुभावहरू रही आएको देखिन्छ । त्यस्तै व्यवस्थापकमा पनि शुरुदेखि हालसम्मै विभिन्न महानुभावहरू रही आएको पाइन्छ ।[७४]

## ४.२.४. धर्मकीर्ति स्वास्थ्य कमिटी

'यो गिलानं उपट्ठाति सो मं उपट्ठाति' अर्थात् "जसले रोगीको सेवा गर्छ, उसले मेरो सेवा गरेको ठहर्छ" भन्ने बुद्धवचन अनुसार रोगीको सेवा गर्ने उद्देश्यले धर्मकीर्ति विहारमा धर्मकीर्ति स्वास्थ्य कमिटी कार्यरत छ । यस विहारका गुरुमांहरू र उपासक उपासिकाहरूलाई स्वास्थ्य सेवा दिन महिनाको ५ पटक निःशुल्क स्वास्थ्य क्लिनिक सञ्चालन गर्दै आएको यस कमिटीले बेला बेलामा स्वास्थ्य शिविर पनि सञ्चालन गर्दै आएको पाइन्छ । हाल धर्मकीर्ति सामुदायिक स्वास्थ्य सेवा दिने तरखरमा रहेको देखिन्छ । (फोटो नं. २०)

साथै रक्तदान कार्यक्रम पनि बि.सं. २०४० सालदेखि प्रत्येक वर्ष बुद्धजयन्ती अवसर पारेर नियमित रक्तदान कार्यक्रम

---

७१ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३४ अंक १ देखि १२ सम्म
७२ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३५ अंक १ देखि १२ सम्म
७३ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३६ अंक १ देखि १२ सम्म
७४ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. १को सहयोगमा



Downloaded from http://www.dhamma.digital

सञ्चालन हुँदै आएको पाइन्छ। प्रत्येक वर्षको रक्तदाता संख्या तालिका अनुसूची ३ मा दिइएको छ।

## ४.२.५. धर्मकीर्ति ज्ञानमाला भजन खलः

बुद्धशिक्षालाई धेरै प्रचारप्रसार गर्नको लागि संगीतको माध्यमबाट जनमानसमा पुऱ्याउने उद्देश्यले धम्मवती गुरुमांको ७३ औं जन्मोत्सवमा वहाँकै अध्यक्षतामा ने. सं. ११२६ वि.सं. २०६३ असार २७ गते धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः स्थापना भएको देखिन्छ। उपाध्यक्ष जुजुभाई शाक्यको सक्रियतामा स्थापित सो भजन खलःले अज्ञानताबाट जकडिएको हाम्रो मनलाई संगीतको सुमधुर स्वरले झक्झकाएर बुद्धको अनित्य, दुःख र अनात्मलाई अवबोध गराउँदै दुःखबाट मुक्ति दिलाउने कार्य देशका विभिन्न स्थानमा दिलाउने कार्यसम्पन्न गर्दै आएको पाइन्छ।

बुद्धशिक्षालाई संगीत र गीतको माध्यमबाट पनि जनमानसमा प्रचार गर्दा अत्यन्त प्रभावकारी रहेको देखिएकोले धर्मकीर्ति विहारका उपासक उपासिकाहरूले पनि एउटा ज्ञानमाला भजन कमिटि स्थापना गर्ने इच्छा गर्दै बि.सं. २०६३ असार २७ गते विहार प्रमुख धम्मवती गुरुमांको ७३ औं जन्मोत्सवको बेला पारी धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन कमिटी स्थापना गरेका थिए।[७५]

यसले स्थापनाकालदेखि धर्मकीर्ति विहारको नियमित कार्यक्रममा भजनको माध्यमबाट उपस्थित जनमानसमा बुद्धशिक्षाको प्रचार गरेर आएको देखिन्छ। साथै विहार बाहिर अन्य विहारहरूमा, संघसंस्थाहरूको निमन्त्रणामा र उपत्यका बाहिर पनि ज्ञानमाला भजन प्रस्तुत गरी आएको पाइन्छ।[७६]

---

७५ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ९९

७६ ज्ञानमाला भजनबारे धर्मकीर्तिका विभिन्न अंकहरूमा प्रकाशित समाचारहरूको आधारमा



Downloaded from http://www.dhamma.digital

## ४.२.६. धर्मकीर्ति शिक्षा सदन

बाल-बालिकाहरूलाई आधुनिक शिक्षाप्रणालीद्वारा बुद्धशिक्षा दिने उद्देश्यले 'धर्मकीर्ति शिक्षा सदन' नामक प्रि-स्कुल सञ्चालन गरिएको पाइन्छ । २०६५ सालमा खुसिबुँमा स्थापित यस शिक्षा सदन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका संस्थापक सदस्यहरू मिली स्थापना गरेको थियो ।[७७]

हाल आनन्दकुटी विद्यापिठसँग सहकार्य गरी सोही विद्यापिठमा आफ्नो उद्देश्य अनुरूप बाल-बालिकाहरूलाई पठन-पाठन पनि गरिंदै आइरहेको पाइन्छ ।

## ४.२.७. धर्मकीर्ति पब्लिक इमेज कमिटी

२१ औं शताब्दीको आधुनिक समयमा अडियो तथा भिडियोको माध्यमबाट बुद्धशिक्षा प्रचार- प्रसार गर्न सन् १९८५ (वि.सं. २०४१) मा धर्मकीर्ति पब्लिक इमेज कमिटी गठन गरिएको देखिन्छ । यस कमिटीले भन्ते, गुरुमांहरूको प्रवचनलाई अडियो तथा भिडियोको सि.डी., भि.सि.डी. प्रकाशन गर्दै आएको छ ।[७८] यस अन्तर्गत प्रातः वन्दना, परित्राण माला, मांया गुण अडियो क्यासेट निर्माण गरेको पाइन्छ ।

यसै गरि धम्मवती गुरुमांको धार्मिक प्रवचन रेकर्ड गरी टेलिभिजन इमेज च्यानलमा प्रसारण भएको थियो, जुन २८ भागसम्मको थियो र अहिले यसको CD पनि निर्माण भइसकेको देखिन्छ ।

अरु कार्यहरूको सम्बन्धमा यस कमिटिले CD/DVD मा धर्मकीर्ति विहार छपुलु, अभिधर्म देशना DVD ३२ चक्का, बौद्ध परियत्ति कक्षा १ को पाठ्य पुस्तक, सच्च विभंग सूत्र, प्रतीत्य

७७ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ५३

७८ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ७९



Downloaded from http://www.dhamma.digital

समुत्पाद, त्रिरत्न वन्दना र धर्म देशनाको CD[७९] प्रकाशन गरेको पाइन्छ ।

## ४.२.८. अन्य गतिविधिहरू

### ४.२.८.१ धार्मिक गतिविधि

#### क) पुस्तक प्रकाशन

विहारले बुद्धधर्मका पुस्तकहरू पनि 'धर्मकीर्ति प्रकाशन'को नामले प्रकाशन गर्दै आएको देखिन्छ । २०७१ चैत्रसम्ममा नेपाल भाषाको १७६ वटा, नेपाली भाषाको १३५ वटा, मिश्रित भाषाको २ र अंग्रेजीभाषाको ६ वटा गरी जम्मा ३१९ वटा र धर्मकीर्ति विहारको व्यवस्थापनमा प्रकाशित पुस्तकहरू १४ वटा गरि कूल ३३३ वटा पुस्तकहरू प्रकाशन गरिएको पाइन्छ ।[८०]

२०७२ बैशाखदेखि २०७६ बैशाखसम्म प्रकाशित भएका पुस्तकहरू निम्न अनुसार देखिन्छन् :

नेपालभाषाको ६ वटा, नेपालीभाषाको १४ र अंग्रेजी भाषाको २ वटा गरि जम्मा २२ वटा थप पुस्तकहरू प्रकाशन भएको पाइन्छ ।[८१]

यस प्रकार धर्मकीर्ति प्रकाशनबाट २०२८ सालदेखि २०७६ बैशाखसम्ममा प्रकाशित पुस्तकहरूको कूल संख्या निम्न अनुसार रहेको देखिन्छ :

---

७९ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. १११

८० इन्द्रकुमार नकःमि, **धर्मकीर्तिया लुखां,** काठमाडौं : धर्मकीर्ति प्रकाशन, २०७२, पृ. ६ - २७

८१ भिक्षुणी वीर्यवती (सं.), **त्रिरत्न वन्दना, परित्राण पाठ र सूत्र समूह**, धर्मकीर्ति प्रकाशन, २०७६ बैशाख, पृ. भित्री र बाहिरी कभरहरू



Downloaded from http://www.dhamma.digital

नेपालभाषाको १८३, नेपाली भाषाको १४९, मिश्रित भाषाको २, अंग्रेजी भाषाको ८ र विहारको व्यवस्थापनमा प्रकाशित १४ गरि कूल ३५६ वटा पुस्तकहरू देखिन्छन् ।

## ख) बालकक्षा

स्कुल पढ्ने बाल-बालिकाहरूका लागि विहारका गुरुमांहरूले स्कुलको पाठ्यक्रमका साथै बुद्धधर्म सम्बन्धी कक्षा समय समयमा सञ्चालन गर्दै आएको पाइन्छ । केही वर्ष एस. एल.सी. परीक्षा दिने विद्यार्थीहरूका लागि निःशुल्क कोचिंग कक्षा संचालन गरेको देखिन्छ । (तुलाधर, पादटिप्पणी सं. ४९, पृ. ७६ को आधारमा)

## ग) ध्यान शिविर

बुद्धशिक्षाको अध्ययन अनुसार अभ्यास गर्न गराउन यस विहारले समय समयमा ध्यान शिविरहरू सञ्चालन गर्दै आएको देखिन्छ । हालसम्ममा बर्माका प्रशिद्ध ध्यानगुरुहरू दो पञ्ञाचारी, दो सुखाचारी, महासी सयादो, सयादो ऊ सुन्दर, सयादो ऊ पण्डित, सयादो ऊ ञाणिस्सर, सयादो ऊ आसभाचारको निर्देशनमा ध्यानकुटी विहार (बनेपा), प्रणिधिपूर्ण विहार, (बलम्बु), लुम्बिनी बुद्ध विहार, (लुम्बिनी), धर्मशीला बुद्ध विहार, (पोखरा), सुगतपुर विहार, (त्रिशूली) र धर्मकीर्ति विहार मै ध्यान शिविरहरू सञ्चालन भइसकेको देखिन्छ । त्यस्तै हरेक पूर्णिमा र गुँला एक महिनासम्म पनि इच्छुक साधकहरूलाई यस विहारको आवासिक गुरुमां र विपस्सना केन्द्र (धर्मश्रृङ्ग) बुढानीलकण्ठका विपश्यना ध्यान सहायक आचार्य रत्नमञ्जरी गुरुमांले साधकहरूलाई ध्यान अभ्यास गर्नमा मद्दत गर्नुहुन्थ्यो ।[८२]

---

८२ धर्मकीर्ति, मासिक पत्रिका, बर्ष ३३, अंक १, पृ. ७६



Downloaded from http://www.dhamma.digital

## घ) नियमित ऋृषिणी प्रब्रज्या शिविर कार्यक्रम

बालिकाहरूलाई १२ दिनसम्म एकै कोठामा थुनी गुफा राख्ने परम्परा नेपालमा विद्यमान छ। गुफा राख्नाले बालिकाहरूको स्वास्थ्यमा आउन सक्ने खराबी एवं अन्य समस्याहरूको कारणले यस परम्पराको विकल्पको रूपमा वि.सं. २०२३ सालमा यस विहारले सर्वप्रथम मन्दिरा ताम्राकार र पुण्यलक्ष्मी कंसाकारलाई ऋृषिणी प्रब्रजित गरी ऋृषिणी प्रब्रज्याको थालनी गऱ्यो। ऋृषिनी प्रब्रज्यामा बालिका तथा महिला (उमेरको सीमा छैन) लाई विशेष वस्त्र लगाई १२ दिनसम्म (इच्छा अनुसार बढाउन पनि सकिन्छ) विहारमा राखी अष्टशील पालना गराइन्छ। यस प्रकार ऋृषिणी प्रब्रज्या हुँदा गुफा राख्ने बेलाको सम्भावित खराबी र समस्या मात्र छुट्ने नभई बुद्धशिक्षाको अध्ययन गर्ने राम्रो अवसर समेत पाउने र आफ्नो अनुकूल जुनसुकै समयमा पनि बस्न सकिने हुँदा यसको लोकप्रियता दिन प्रतिदिन बढ्दै गएको पाइन्छ। तर हाल आएर विहारमा पानीको समस्या र ऋृषिनी हुन आउनेहरूले छोटो दिनको समय मिलाएर आउने भएकोले दुई रात तीन दिन मात्र राख्ने चलन भएको देखिन्छ। भूकम्प पछि अहिले १ दिन मात्र राख्ने गरिएको देखिन्छ।

यो कार्यक्रम बि.सं. २०२३ देखि संचालन हुँदै आएकोमा कहिले काठमाडौंमा र कहिले लुम्बिनी तथा कहिले भारतको बौद्ध तीर्थस्थलमा पनि आयोजना गरेको देखिन्छ।[८३]

भिक्षुणी धम्मवती गुरुमांको ८२ औं जन्मोत्सवको उपलक्ष्यमा २०७२ साल फागुन १२-१८ सम्म कुशीनगर भारतमा केशावती गुरुमांबाट यो कार्यक्रम सञ्चालन भएको देखिन्छ।

---

८३ धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्ष्यमा बि.सं. २०६१ सालदेखि प्रत्येक वर्ष अल्पकालीन ऋृषिणी प्रब्रज्या कार्यक्रम संचालन हालसम्म पनि भइ आएको देखिन्छ (केशावती गुरुमांबाट जानकारी)।



Downloaded from http://www.dhamma.digital

जसमा श्रामणेर २ जना गुरुमांहरू ५ जना र ऋषिणीहरू २३ जना गरी जम्मा ३३ जना प्रव्रजित भएका थिए ।[८४]

२०७३ साल फागुन ४ देखि १२ सम्म भिक्षुणी धम्मवती गुरुमांको ८३ औं जन्मोत्सवको उपलक्ष्यमा चार धाम मध्ये लुम्बिनी र कुशीनगरमा केशावती गुरुमांबाट प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको थियो । जसमा ५९ जना उपासक उपासिकाहरू सहभागी भएका थिए ।[८५]

यस्तै गरि भिक्षुणी धम्मवतीको ८४ औं जन्मोत्सवको उपलक्षमा ०७४।११।१४ देखि २८ सम्म बुद्ध चारधाममा केशावती गुरुमांले प्रव्रज्या कार्यक्रम सञ्चालन गरेको कार्यक्रममा ११ जना श्रामणेर, ९ जना प्रव्रजित गुरुमां र ६७ जना ऋषिणी प्रव्रज्या गरी कुल ८७ जना व्यक्तिहरू अल्पकालीन प्रव्रज्या शिविरमा सहभागी भएका थिए । प्रव्रज्या कार्यक्रम सम्पन्न पछि ९१ जनाको यात्री समूहले लुम्बिनी, श्रावस्ती, कुशीनगर, सारनाथ, बुद्धगया, राजगृह, नालन्दा, बैशाली र जनकपुर यात्रा गर्दै काठमाडौं फर्केका थिए ।[८६]

## ङ) तीर्थयात्रा

भगवान बुद्धद्वारा प्रशंसित संवेजनीय स्थानहरूको दर्शन गराउने उद्देश्यले यस विहारले समय समयमा धार्मिक तीर्थयात्राको आयोजना गर्दै आएको पाइन्छ । वि.सं. २०३२ सालदेखि निरन्तर जस्तै आयोजना गर्ने गरेको देखिने सो कार्यक्रम अन्तर्गत हालसम्म नेपाल तथा भारतका विभिन्न बौद्ध तीर्थस्थलहरू साथै बर्मा, श्रीलंका, थाइलैण्ड, मलेसिया, सिंगापुर, चीन, टाइवान, बंगलादेश आदि राष्ट्रहरूमा तीर्थयात्राको आयोजना गरिसकेको देखिन्छ ।

---

८४ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १२, पृ. १८

८५ 'धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३४ अंक १२, पृ. १८

८६ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३६ अंक १, पृ. ३९



Downloaded from http://www.dhamma.digital

तीमध्ये तिथिमिति सहितको प्राप्त विवरण निम्न अनुसारको पाइन्छ :

- चीन भ्रमण - २०७२।४।२४[८७]
- श्रीलंका भ्रमण २०७२।१२।५ देखि१५[८८]
- श्रीलंका भ्रमण २०७३।११।१० देखि १७(21-28 feb 2017)[८९](फोटो नं. २७)
- थाइलैण्ड, म्यान्मार भ्रमण २०७४।९।२१ देखि २०७४।१०।५सम्म[९०]

च) भोजन र जलपानको व्यवस्था:

विहारको स्थापनाकालदेखि नै विहारमा बस्ने गुरुमांहरूकालागि जलपान र भोजनको व्यवस्था विभिन्न उपासक उपासिकाहरूले गर्दै आएको पाइन्छ । कसै कसैले आफ्नै घरमा र कसैकसैले विहारमै आएर जलपान भोजन गराउने गरिन्थ्यो । र यो प्रचलन हालसम्मै कायम भएको देखिन्छ । विहारमा नियमित रूपमा जलपान भोजन दान गर्ने परिवार पनि रहेको पाइन्छ ।

Dhamma.Digital

## ४.२.८.२ सामाजिक गतिविधि

क) प्रौढ कक्षा

बुद्धपूजामा आउने वयस्क उपासक-उपासिकाहरूले बुद्धशिक्षाको राम्रो ज्ञान हासिल गर्न सकुन् भन्ने हेतुले समय-समयमा प्रौढ कक्षाको पनि आयोजना यस विहारले गर्दै आएको देखिन्छ ।

---

८७ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ३८

८८ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक ४, पृ. २३

८९ धर्मकीर्ति, मासिक पत्रिका, बर्ष ३४ अंक १२, पृ. १७

९० धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३५ अंक ११, पृ. २४



Downloaded from http://www.dhamma.digital

ख) सरसफाई अभियान

विहार एवं श्रीघः चैत्यको कम से कम महिनाको एक चोटी सर-सफाई गर्न बुद्धपूजामा आउने उपासक-उपासिकाहरूको १३ वटा (मलमास समेत गरी) समूह बनाइएको देखिन्छ । प्रत्येक पूर्णिमाको अघिल्लो दिन विहार, चैत्य एवं वरिपरि ती समूहरूले पालैपालो सफा गर्ने गर्दछन् ।

ग) समाज सेवा

देशमा विभिन्न समयमा आएको प्राकृतिक प्रकोपका पिडितहरूलाई लत्ताकपडा र खाद्यान्नको वितरण, टुहुरा तथा असहायहरूका लागि सेवा, हरेक वैशाख पूर्णिमाका दिन वीर अस्पताल र क्षयरोग अस्पतालका बिरामीहरूलाई फलफूल, बिस्कुट वितरण, बिभिन्न स्कूल तथा विहारको निर्माण तथा विकासको लागि आर्थिक सहयोगआदि समेत सहयोग प्रदान गरी सामाजिक क्षेत्रमा पनि यस विहारको उत्तिकै योगदान रहको पाइन्छ ।[९१]

## ४.२.९ बुद्धधर्म प्रचारका कार्यहरू

'चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय' भन्ने भगवान बुद्धको उपदेशलाई अनुसरण गर्दै यस विहारले स्थापनाकालदेखि समय-समयमा गाउँ-गाउँमा र केही शहरी क्षेत्रहरूमा पनि धर्मप्रचारको कार्यक्रमहरू राख्दै आएको छ । उदाहरणको लागि काठमाडौं, उपत्यका भित्रका विभिन्न गाउँहरू जस्तैः- बुंगमती, धर्मस्थली, चापागाउँ, मच्छेगाउँ, चोभार, मातातीर्थ, लुभु, खोकना, ठिमी, बलम्बु, सांखु, थसि, आदि । त्यस्तै उपत्यका बाहिर काभ्रे, त्रिशूली, पोखरा, तानसेन, नारायणघाट, धरान, विराटनगर, धनकुटा, हेटौडा, तातोपानी, आदि ठाउँमा पनि स्थानीय जनताहरूलाई भेला पारी बुद्धपूजा एवम् धर्मदेशनाको

---

९१ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३३ अंक १, पृ. ७६-७७



Downloaded from http://www.dhamma.digital

कार्यक्रम सम्पन्न गरेको देखिन्छ । नेपाल बाहिर कालिम्पोङ्ग र दार्जलिङ्गसम्म पनि यी कार्यक्रमहरू सम्पन्न गरेको देखिन्छ ।[९२]

## ४.२.१०. धर्मकीर्ति परियत्ति केन्द्र

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रमगत १ देखि १० कक्षासम्ममा बुद्धशिक्षालाई क्रमिक रूपमा विद्यार्थीहरूलाई सिकाउने कार्य वि.सं. २०१९ सालदेखि सुरु भएको देखिन्छ । यसमा विभिन्न विहार र विद्यालयहरूका विद्यार्थीहरूले अध्ययन गर्ने गरिन्छ । यसै क्रममा यस धर्मकीर्ति विहारले पनि विहारमा उपासक उपासिकाहरूलाई परियत्ति शिक्षा पढाउने र परीक्षा दिन लगाउने व्यवस्था गरेको देखिन्छ । वि.सं. २०२२ देखि वि.सं. २०७१ सालसम्म धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट उत्तिर्ण हुने विद्यार्थीहरू अनुसूची ४ बमोजिम छन् ।

यसरी परियत्ति शिक्षाको कक्षा १ देखि कक्षा १० सम्मको परीक्षामा उत्तिर्ण हुने यस विहारका उपासक उपासिका तथा विद्यार्थीहरूलाई विहारको परियत्ति सञ्चालक गुरुमांहरूबाट प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था मिलाइएको पाइन्छ (फोटो नं. २१) । यसका लागि विभिन्न पुरस्कारका प्रायोजकहरू रहेको देखिन्छ । साथै परियत्ति सञ्चालनको लागि विभिन्न दाताहरूबाट रकम संकलन गरि एउटा कोष पनि स्थापना गरेको देखिन्छ ।[९३]

## ४.३ अन्य गतिविधिहरू

माथि उल्लिखित नियमित तथा प्रायोजित गतिविधिहरूका अलावा अन्य थुप्रै गतिविधिहरू विहारमा संचालन भएको पाइन्छ । जसको संक्षिप्त विवरण निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

---

९२ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४१, पृ. ३६-४१ सम्मको आधारमा

९३ विहारका विभिन्न गुरुमांहरूबाट प्राप्त जानकारी अनुसार



Downloaded from http://www.dhamma.digital

- नेपालमा थेरवाद बुद्धधर्मको प्रचार प्रसारमा महिला वर्गको पनि महत्वपूर्ण भूमिका रहन सक्ने देखी धम्मवती गुरुमांबाट स्थायी अनागारिका गुरुमां प्रब्रज्या कार्यक्रम सञ्चालन, तिनीहरूको आवास एवम् भोजनको प्रबन्ध धर्मकीर्ति विहारमै व्यवस्था । (अनुसूची ६)
- विहारका आवासिक गुरुमांहरूबाट दैनिक अनिवार्य सन्ध्याकालीन बुद्धपूजा, समसामयिक सूत्रपाठ र मैत्री भावना ।
- परित्राण पाठ : श्रद्धालुहरूले माग र आवश्यकता अनुसार विहान ६ बजेदेखि रातको १० बजेसम्मको समयमा पनि बुद्धवचन संग्रहित परित्राण पाठ गरिन्छ । आवश्यकता र उद्देश्य अनुरूप १० देखि २० मिनेटको पाठ गरिन्छ । जसमा प्रायः आव्हान सूत्र, मंगल सूत्र, मैत्री सूत्र, बोज्झंग सूत्र, रत्न सूत्र आदि पर्छन् । यी सूत्रहरू पाठ गर्नाले भइ परि आउने विभिन्न प्रकारका भय, अन्तराय, बिघ्न बाधा हट्नुका साथै मानसिक शान्ति प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको पाइन्छ । प्रायः मानिसहरू बिरामी हुँदा, मृत्यु हुँदा, जन्मँदा, अन्न प्राशन, जन्मदिन, विवाह, नयाँ घर निर्माण र गृह प्रवेश, व्यापार व्यवसायको शुभारम्भ, बुढो पास्नी, घरदेखि टाढा वा विदेश जाँदा, जाँचमा पास हुँदा, पदोन्नति आदि कार्यहरूमा परित्राण गराउने चलन रहेको पाइन्छ ।
- विहारका संस्थापक गुरुमांहरू मध्ये एक अ.रत्नमञ्जरी गुरुमां नेपाल विपश्यना केन्द्र, धर्मश्रृंग, मुहान पोखरीका सहायक आचार्य हुनुभयो र कम्तिमा ६० वटा १० दिने विपश्यना ध्यान शिविर संचालन ।[९४]
- महापरित्राण पाठ (गुरुमांहरूबाट) अनागारिका रत्नमञ्जरी गुरुमांको देहावसान वि.सं. २०६२ साल पछिको वर्षदेखि हालसम्म पनि संचालन ।

---

९४ 'धर्मकीर्ति', मासिक पत्रिका, वर्ष ३४, अंक ७, २०६३, पृ. ६



Downloaded from http://www.dhamma.digital

- विहारको बार्षिकोत्सव, अध्ययन गोष्ठीको स्थापना दिवस, नवनिर्मित विहारको वार्षिकोत्सव मनाउने ।
- विहारका गुरुमांहरूबाट उपत्यका भित्र र उपत्यका बहिरका विभिन्न जिल्लाहरूमा समेत कथिन उत्सवको आयोजना र सहभागीता ।
- गुँला पर्व एक महिनामा विभिन्न विहार र टोल, स्थानहरूमा आयोजना गरिने विशेष धर्मदेशना कार्यक्रमहरूमा विहारका गुरुमांहरूको अत्याधिक सहभागिता रही धर्मदेशना ।
- भोजन, जलपान निमन्त्रणा गरेका श्रद्धालुहरूका आवासहरूमा परित्राण पाठ एवं धर्मदेशना ।
- बुद्धजयन्तिको अवसरमा बाहिरका जिल्लाहरूमा धर्मदेशनाका लागि बुद्धजयन्ति समारोह समितिबाट खटाएको ठाउँमा विहारका गुरुमांहरूको सहभागिता ।
- अन्तर्राष्ट्रिय भिक्षुणी संघ, नेपालको सहयोगार्थ भिक्षाटन कार्यक्रममा विहारका गुरुमांहरूको सहभागिता । (फोटो नं. २२)
- नियमित स्वास्थ्य सेवा, निःशुल्क स्वास्थ्य जाँच र औषधि वितरण ।
- बेलाबखत स्त्रीरोग जाँच, क्यान्सर रोग जाँच कार्य ।
- अन्तर विहार, निम्न माध्यमिक विद्यालय र विद्यालय हाजिरी जवाफ प्रतियोगिता । (फोटो नं. २४)
- बौद्ध वक्तृत्वकला प्रतियोगिता ।
- समसामयिक विषयमा विचार गोष्ठीहरू ।
- Buddhism for youth कक्षा सञ्चालन ।
- अभिधर्म कक्षा सञ्चालन ।
- महासतिपट्ठान सूत्र कक्षा सञ्चालन ।
- आवासिय गुरुमांहरूलाई दीघनिकाय, महासतिपट्ठानको बृहत् अध्यापन ।



Downloaded from http://www.dhamma.digital

- शाखा विहारहरूमा र विहारहरूबाट पनि बुद्धशिक्षा प्रचार-प्रसारमा उल्लेख्य योगदान ।
- विहारमा आवासिक करिब २० जना गुरुमांहरूलाई आवश्यक जलपान, भोजन, औषधीपचार र आवासको शतप्रतिशत प्रबन्ध ।
- उच्चशिक्षाका लागि गुरुमांहरूलाई विदेशमा समेत पठाइरहेको ।
- उच्चशिक्षाका लागि गुरुमांहरूलाई प्रायोजकको प्रबन्ध ।
- विगतमा धर्मकीर्ति विहारको एउटामात्र अंग हुँदा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले ग्रामीण क्षेत्रमा धर्म प्रचार, धर्मकीर्ति पत्रिका प्रकाशन, बौद्ध विद्वानको स्वागत सम्मान, तीर्थयात्राको आयोजना, गोष्ठी, सेमिनारको आयोजना, हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, बौद्ध नाटक प्रदर्शन, पुस्तक प्रकाशन, स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम, विभिन्न शिल्प सम्बन्धि तालिम र प्रशिक्षण, हस्तकला प्रदर्शनी, पुस्तक प्रदर्शनी, एस.एल.सी. विद्यार्थीको लागि कोचिंग कक्षा इत्यादि विविध कार्यक्रमहरू गरेको थियो । पछि कार्यक्रमहरूको व्यापकता अनुसार उपसमितिहरू हुँदै अब आएर धर्मकीर्तिका विभिन्न अलग अलग इकाईहरूले बृहत् रूपमा कार्यभार लिएपछि[९५] ती इकाईहरू अन्तर्गत कार्यक्रमहरू संचालन भइआएको देखिन्छ ।
- मैत्री बोधिसत्व महाविहार, जमः बहालमा धर्मकीर्तिका गुरुमांहरूबाट पाक्षिक अष्टमीका दिन विशेष बुद्धपूजा र धर्मदेशना
- बाल बौद्ध प्रश्नोत्तर प्रतियोगिता - २०७२।६।९ शनिबार[९६]

---

९५ धर्मकीर्ति, वर्ष ३३ अंक १, पृ. ४८

९६ धर्मकीर्ति, वर्ष ३३ अंक ६, पृ. २३



Downloaded from http://www.dhamma.digital

- देशभरका बौद्ध गतिविधिहरूको समाचार प्रकाशन, धर्मकीर्ति पत्रिकामा
- धर्मकीर्ति गतिविधि अन्तर्गत साप्ताहिक (अध्ययन गोष्ठी) को कक्षामा भएका प्रवचन, छलफलको सांराश प्रकाशन, ज्ञानमाला भजन प्रचारको जानकारी विविध समाचारहरू
- धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्ष्यमा लुम्बिनी बुद्धगया, सारनाथ, कुशीनगरमा अल्पकालीन प्रब्रज्या संञ्चालन
- विभिन्न अवसरमा धर्मकीर्ति विशेषांक प्रकाशन
- बाल बौद्ध प्रश्नोत्तर प्रतियोगिता
- अन्तर्राष्ट्रिय बौद्ध चित्र, पत्रिका तथा बुद्धमूर्ति प्रर्दशन ।
- बुद्धका विभिन्न शैलीका मूर्ति प्रदर्शन ।
- बौद्धकला (चित्रकला, ललितकला र हस्तकला) प्रदर्शन, प्रतियोगिता र पुरस्कार वितरण
- बुद्ध जीवनी सम्बन्धि घटनाहरूको प्रतिमा प्रदर्शन
- नेपालको बौद्ध संस्कृति, साहित्य, कला, हुलाक टिकट र पोस्टकार्ड प्रदर्शन ।
- थेरवाद, महायान र लामा संस्कृतिका मूर्तिहरू प्रदर्शन ।
- बुद्धधर्म सम्बन्धी ऐतिहासिक तस्बिरहरूको प्रदर्शन ।
- बुद्धकालीन भूगोल र प्रसिद्ध बौद्ध ऐतिहासिक र सांकृतिक स्थलहरूको मोडेल नक्सा बनाई प्रदर्शन ।
- माध्यमिक विद्यालय स्तरीय स्थलगत चित्रकला प्रतियोगिता र पुरस्कार वितरण ।
- अन्तर माध्यमिक विद्यालयस्तरिय बौद्ध घटनामा आधारित चित्रकला प्रतियोगिता तथा विजयी विद्यार्थीहरू र विद्यालयलाई पुरस्कार तथा शील्ड प्रदान ।
- बौद्ध घटनामा आधारित चित्रकला प्रदर्शन ।



Downloaded from http://www.dhamma.digital

- थेरवाद, महायान र बज्रयान बीच समन्वय विषयक प्रवचन गोष्ठी ।[९७]
- २०७१ फागुन ३० गते शनिबारका दिन "नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौति" विषयक एकदिवसीय गोष्ठी सम्पन्न भएको देखिन्छ । धर्मकीर्ति विहार स्थापनाको ५० वर्षको स्वर्ण महोत्सवको उपलक्ष्यमा आयोजित सो गोष्ठीमा काठमाडौं उपत्यकाका तीनवटा जिल्ला लगायत उपत्यका बाहिरका ९ वटा जिल्लाका गरी करीब १६० जना विभिन्न विहारका प्रतिनिधिहरू तथा उपासक उपासिकाहरूको सहभागिता रहेको देखिन्छ। सो गोष्ठीमा २ वटा कार्यपत्रहरू प्रस्तुत भएको देखिन्छ । पहिलो कार्यपत्र "नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि, अवसर र चुनौति" तथा दोस्रो कार्यपत्र "नेपालमा थेरवाद बुद्धधर्म :कमजोरी र सामर्थ्य" रहको थियो ।[९८]
- प्रौढ शिक्षा
- भूकम्प पीडितहरूका लागि राहत प्रदान २०७२ बैशाख, जेठ[९९]
- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निस्वार्थ भावले निरन्तर योगदान गरिआएका एकजना पुरुष सदस्यलाई "धर्मकीर्ति अश्वघोष सम्मान" र १ जना महिला सदस्यलाई "धर्मकीर्ति धम्मवती सम्मान" प्रदान गरिआएको देखिन्छ। यो सम्मान वि.सं. २०६९ देखि दिईआएको पाइन्छ। हालसम्म ७ जना पुरुष र ७ जना महिला सदस्यले यो सम्मान पाइसकेका छन् । जम्मा १४ जना मध्ये दुई जनाको देहावसान भइसकेको छ ।[१००]

---

९७ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४१, पृ. ७९-८०

९८ प्रीतिवती तथा अन्य (सं.), **नेपालमा थेरवाद बुद्धधर्मः उपलब्धि र चुनौति, प्रतिवेदन**, काठमाडौंः धर्मकीर्ति विहार (२०७२), बाट सारसंक्षेप

९९ धर्मकीर्ति, वर्ष ३३, अंक २, पृ. १२

१०० अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरबाट प्राप्त जानकारी



Downloaded from http://www.dhamma.digital

- विहारका गुरुमांहरूबाट स्वदेश तथा विदेशका सम्मेलन, गोष्ठी तथा सेमिनारहरूमा सहभागिता। (फोटो नं. १८)

## अन्य गतिविधिहरू :

धम्मवती गुरुमांको जन्मोत्सवको उपलक्ष्यमा भिक्षुसंघबाट साप्ताहिक अभिधर्म पाठको आयोजना वि.सं. २०५६ सालदेखि अद्यापि संचालन हुँदै आएको देखिन्छ। सोही क्रममा :

पहिलो दिन- अभिधर्मको पहिलो ग्रन्थ 'धम्मसङ्गणी' पालिको संक्षिप्त पाठ गरिन्छ।

दोस्रो दिन - अभिधर्मको दोश्रो ग्रन्थ 'विभङ्ग' पालिको संक्षिप्त पाठ गरिन्छ।

तेस्रो दिन - अभिधर्मको तेश्रो ग्रन्थ 'धातु कथा' पालिको संक्षिप्त पाठ गरिन्छ।

चौथो दिन - अभिधर्मको चौथो ग्रन्थ 'पुग्गलपञ्ञति' पालिको संक्षिप्त पाठ गरिन्छ।

पाँचौं दिन - अभिधर्मको पाँचौं ग्रन्थ 'कथावत्थु' पालिको संक्षिप्त पाठ गरिन्छ।

छैठौं दिन - अभिधर्मको छैठौं ग्रन्थ 'यमक' पालिको संक्षिप्त पाठ गरिन्छ।

सातौं दिन - अभिधर्मको सातौं ग्रन्थ 'पट्ठान' पालिको संक्षिप्त पाठ गरिन्छ।

यी सातै दिनमा गरिने पालि ग्रन्थको संक्षिप्त ब्याख्या विज्ञ भिक्षुहरूबाट गर्ने गरिन्छ। साथै सातै दिन बुद्धपूजाको पनि आयोजना गरिन्छ। सो कार्यक्रममा उपस्थित उपासक उपासिकाहरूलाई विभिन्न दाताहरूबाट विहान नास्ता (जलपान) गराउँदै आएको पाइन्छ।



Downloaded from http://www.dhamma.digital

वि.सं. २०६६ सालदेखि आठौं दिन महायानका लामा भिक्षुहरू र बज्रयानका बज्राचार्य गुरुज्यूहरूबाट पनि गुरुमांको जन्मदिनको शुभकामना पाठ र धर्मदेशना हुँदै आइरहेको पाइन्छ ।

धर्मकीर्ति विहार र धम्मवती गुरुमांबाट थेरवाद बुद्धधर्ममा अद्वितीय योगदान गरिआएको सन्दर्भमा म्यान्मार सरकारले धम्मवती गुरुमांलाई वि.सं २०४८ पुस २० गते (सन् १९९२ जनवरी ४)मा "अग्गमहागन्थवाचकपण्डित" उपाधि प्रदान गरेको थियो ।[१०१] (फोटो नं. १४)

## ४.४ धर्मकीर्ति विहारको विगत र वर्तमान

बुद्धजन्मभूमि नेपालमा उहाँद्वारा प्रतिपादित थेरवाद बुद्धसासनको शिक्षा सर्वसाधारणलाई अभ्यास गराउने आकांक्षासहित बर्माबाट धम्माचरिय परीक्षा उत्तीर्ण गरी भिक्षुणी धम्मवतीको वि.सं. २०२० सालमा नेपाल आगमन भयो । बुद्धशिक्षा सिकाउन र अभ्यास गराउन एक स्थायी स्थानको आवश्यकता महसुस गरी धम्मवतीका पिता हर्षमान शाक्यको सहयोगमा खरिद गरिएको जग्गामा विभिन्न दाताहरूको आर्थिक एवं भौतिक सहयोगमा वि.सं. २०२२ सालमा धर्मकीर्ति विहार स्थापना भएको देखिन्छ ।

नेपालमा प्रजातन्त्रको पुनर्बहालीपछि आफ्नै एक विधान बनाई वि.सं. २०४८ साल बैशाख ५ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा संस्थादर्ता ऐन २०३४ अन्तर्गत रही सो विहार धर्मकीर्ति विहारको नामले दर्ता भएको देखिन्छ । यसरी सो विहार विधिवत रूपमा सरकारी निकायमा प्रवेश गरी थेरवाद बुद्धशिक्षाको प्रचार-प्रसारमा औपचारिक रूपमा अगाडि आएको देखिन्छ ।

पछि मिति २०५९।२।१५ गते 'धर्मकीर्ति विहार संरक्षण कोष २०५८' भनी नाम परिवर्तन गरिएको देखिन्छ। यसका लागि २०४८

---

१०१ पूर्वोक्त पादटिप्पणी सं. ३१, पृ. २२०



Downloaded from http://www.dhamma.digital

सालको विधानलाई आवश्यकता अनुसार र समयानुकूल परिमार्जन गरिएको पाइन्छ । सो विधानलाई पनि देशको समसामयिक परिस्थिति र विद्यमान कानून बमोजिम वि.सं. २०७२ सालमा प्रथम संशोधन गरिएको तथा सम्बन्धित निकायबाट २०७२।१०।२९ गते सोको स्वीकृति दिएको देखिन्छ ।

सोही संशोधित विधान बमोजिम विभिन्न समिति उपसमितिहरू गठन भई हालसम्म पनि सो विहारले नेपाल अधिराज्यभित्र थेरवाद बुद्धसासनको प्रचार प्रसारमा महत्वपूर्ण भूमिका निभाउँदै आएको पाइन्छ ।[१०२]

Dhamma.Digital

१०२ धर्मकीर्ति विहार संरक्षण कोषका सम्बन्धित व्यक्तिहरूबाट प्राप्त जानकारी अनुसार ।



Downloaded from http://www.dhamma.digital

# अध्याय पाँच

# नेपालमा थेरवाद बुद्धधर्म प्रचार-प्रसारमा धर्मकीर्ति विहारले गरेका कार्यहरू

## ५.१ परिचय

बुद्ध जन्मभूमि नेपालमा उहाँबाट प्रतिपादन गरिएका शिक्षा मध्ये थेरवाद बुद्धधर्म पनि एक मानिन्छ। नेपालमा थेरवाद बुद्धधर्मको पुनरुत्थान वि.सं. १९८५ सालबाट भएको मानिन्छ। यो बुद्धधर्म नेपालमा पुनर्जागरण भईसकेपछि थेरवाद विहारहरू प्रादुर्भाव भएको देखिन्छ। यसै सन्दर्भमा वि.सं. २०२२ सालमा काठमाडौंको श्रीघलमा धर्मकीर्ति विहार स्थापना भएको हो। यो विहारले स्थापना कालदेखि नै आफ्नो विहारको उन्नति अभिबृद्धिको कार्यक्रमका साथै थेरवाद बुद्धधर्मको नेपालभित्र प्रचार कार्यमा महत्वपूर्ण योगदान गरेको पाइन्छ। यी कार्यहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ।

१. धर्मकीर्ति विहार स्थापना गरिएको।

२. बालब्रह्मचारी महिला एवं केटीहरूलाई बुद्धसासनमा प्रब्रजित गराई विहारमा स्थायी रूपमा बसोबास गर्ने र उनीहरूका लागि आवश्यक सम्पूर्ण व्यवस्था गरिएको।

३. बुद्धशिक्षाका अनुयायी उपासक उपासिका एवं युवावर्गका लागि बुद्धधर्म अध्ययन र अभ्यासको आवश्यक व्यवस्था गरिएको। जसका लागि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना गरिएको र पुस्तकालय पनि स्थापना गरिएको।

४. विहारमा प्रत्येक महिनाको पाँच पटक नियमित बुद्धपूजा तथा धर्मदेशनाको कार्यक्रम सञ्चालन गरिएको।

५. विहार प्रमुख धम्मवती गुरुमांको प्रत्येक जन्मदिनको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठको आयोजना गरिआएको।



Downloaded from http://www.dhamma.digital

६. विभिन्न बौद्ध गतिविधिहरूको समाचार राष्ट्रभरि फैलाउने उद्देश्यले आफ्नो मुखपत्रको रूपमा "धर्मकीर्ति" मासिक पत्रिका प्रकाशन गरिएको ।

७. धर्मको माध्यमबाट समाजसेवा गरिएको जस्तै - नियमित स्वास्थ्य शिविर, विशेष स्वास्थ्य शिविर, नियमित रक्तदान, बाढीपिडितलाई सहयोग, भूकम्पपिडितलाई सहयोग आदि सञ्चालन गरिएको ।

८. संगीतको माध्यमबाट पनि बुद्धधर्म प्रचार गर्न सक्ने सम्भावना देखी ज्ञानमाला भजन स्थापना गरि नेपालका विभिन्न स्थानहरूमा र श्रीलंकामा समेत भजन प्रस्तुत गरिएको ।

९. बुद्ध शिक्षालाई CD तथा VCD मा रिकर्ड गरी प्रचार-प्रसार गरिआएको ।

१०. बुद्धशिक्षालाई नेपालका विभिन्न जिल्ला, शहर, एवम् गाउँहरूमा प्रचार प्रसार गरि आएको । यसै सन्दर्भमा नेपाल बाहिर पनि प्रचार गरेको देखिएको ।

११. बुद्धशिक्षालाई विभिन्न भाषामा पनि प्रचार प्रसार गर्ने उद्देश्यले नेपालभाषा, नेपालीभाषा र अंग्रेजी भाषा समेत गरि २०७६ साल बैशाखसम्ममा जम्मा ३५६ वटा पुस्तकहरू प्रकाशन गरिएको साथै विहार प्रमुख गुरुमांको धर्मदेशनालाई नेपालको टेलिभिजनबाट प्रचार प्रसार गरिएको ।

१२. बुद्धशिक्षाको अभ्यास बाल्यअवस्थादेखि गराउन नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रमगत कक्षाहरू सञ्चालन गरिएको । त्यस्तै बालबालिकाहरूलाई विहारका गुरुमांहरूले समय समयमा बुद्धशिक्षा सम्बन्धी कक्षा सञ्चालन गरिआएको ।

१३. बुद्धशिक्षाको अभ्यास गराउने क्रममा स्वदेशी तथा विदेशी ध्यानगुरुहरूबाट विपस्यना ध्यानशिविर सञ्चालन गर्न लगाएको, जुन उपत्यका र बाहिर पनि सञ्चालन भएको ।



Downloaded from http://www.dhamma.digital

१४. नेपालमा बालिकाहरूलाई १२ दिनसम्म एकै कोठामा थुनी गुफा राख्ने प्रचलन रहेकोमा त्यसको सट्टा विहारमा ऋषिणी प्रब्रज्या कार्यक्रम सञ्चालन गरिआएको । यसै सन्दर्भमा केटा मानिसहरूलाई चुडाकर्मको साटो अल्पकालीन श्रामणेर प्रब्रज्या गराउने गरिआएको ।

१५. नेपालका उपासक-उपासिकाहरूलाई बुद्ध प्रशंसित चारधाम र विदेशका प्रख्यात बौद्ध धार्मिकस्थलहरूको यात्रा गराउने गरिआएको ।

१६. बुद्धशिक्षाका महत्वपूर्ण उपदेश समावेश भएका सूत्रहरूको पाठ गरी उपासक उपासिकाहरूलाई मानसिक रूपमा शान्ति प्रदान गर्न परित्राण एवम् महापरित्राण पाठको कार्यक्रम संञ्चालन गरिआएको ।

१७. बौद्ध हाजिरी जवाफ प्रतियोगिता, बौद्ध वक्तृत्वकला प्रतियोगिता, बौद्ध चित्रकला प्रतियोगिता आदि समसामयिक एवम् व्यावहारिक कार्यक्रमहरू नियमित सञ्चालन गरिआएको ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अध्याय छ

# सारांश

आजभन्दा करिब २६०० वर्ष अगाडि नेपालको कपिलवस्तु जिल्लामा जन्मनुभएका सिद्धार्थ कुमारले बहुजन हिताय र बहुजन सुखायको लागि छ वर्षसम्म दुष्करचर्या गरी बुद्धगयाको बोधिमण्डपमा बुद्धत्व प्राप्त गर्नुभयो । वहाँले प्राप्त गर्नुभएको ज्ञान ४५ वर्षसम्म गाउँ-गाउँ, नगर, शहर-शहर चारिका गरि लोककल्याणको लागि, दुःखबाट मुक्त हुनको लागि बाँड्नुभयो । वहाँले ४५ वर्षसम्म बाँड्नुभएको ज्ञान बुद्ध परिनिर्वाण भए पनि विद्वान भिक्षुहरूले सम्पूर्ण बुद्धवचन संग्रह गरी त्रिपिटकको रूपमा संरक्षण गरे। त्यही त्रिपिटकलाई गुरु शिष्य परम्पराबाट आजसम्म पनि कायम राखी बौद्धिक व्यक्तिहरूले अध्ययन अध्यापन गरि लाभ उठाइराखेको पाइन्छ । बुद्ध परिनिर्वाणको लगत्तै वहाँको सम्पूर्ण शिक्षालाई एकत्रित पारे जस्तै समय-समयमा यस शिक्षाको संगालो त्रिपिटकलाई परिमार्जन र निर्मलीकरण गरेको पाइन्छ। यस पालि त्रिपिटकलाई सुरुदेखि अविच्छिन्न रूपमा आफ्ना मार्गदर्शकको रूपमा मान्दै आएका भिक्षुहरूको समूहलाई थेरवाद अथवा थेर परम्परा भनिएको पाइन्छ । यसको सुरुवात बुद्ध परिनिर्वाणको १०० वर्ष पछि बाट सुरु भएको हो ।

बुद्धको जीवनकालमै विभिन्न माध्यमबाट नेपाल प्रवेश गरेको बुद्धधर्म समयको अन्तरालमा नेपालबाट लोप प्रायः भएको देखिन्छ। यही क्रममा राजा जयस्थिति मल्लको समयमा नेपालबाट थेरवाद बुद्धधर्म पनि लोप प्रायः भएको मानिन्छ। नेपालका शाक्य एवम् बज्राचार्यहरूले आफ्नै तरिकाबाट बुद्धधर्मलाई नेपालमा बचाएर राखेको देखिन्छ। तर थेरवाद भिक्षुहरूको हकमा भिक्षुरूप पूर्णतः हराएको देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

नेपालमा राणाशासनको समय अर्थात् २० औं शताब्दीको सुरुवातमा बुद्धधर्मले औपचारिक रूपमा पुनः फष्टाउने मौका पाएको देखिन्छ । यही क्रममा तिब्बतबाट आउनु भएका क्यान्छे लामाको राम्रो प्रभाव यहाँको जनमानसमा रहेको देखिन्छ । पछि तिब्बतकै छिरि नोर्बु गुरुको प्रेरणाबाट नेपालका पाँच जना कुलपुत्रहरू महायानी परम्परा अनुसार घ्येलुं भिक्षुको रूपमा प्रब्रजित भए, तर तिनीहरू त्यति बेलाको मान्यता अनुसार हिन्दूकुलबाट बौद्ध भिक्षु बनेको अर्थात् धर्मपरिवर्तन गरेको भनी तत्कालीन राणाशासकबाट तिब्बती गुरु र ती पाँच जना घ्येलुं भिक्षुहरूलाई देश निकालाको सजायँ दिएको देखिन्छ ।

पछि ती पाँचजना मध्ये एक जना भिक्षु महाप्रज्ञा भारतको कुशीनगरमा पुगी थेरवादी श्रामणेर (भिक्षुको सुरु रूप) भई आधुनिक नेपालको पहिलो थेरवादी भिक्षु बनेका थिए । तर उनी देश निकालाको सजायँ पाएको कारणले नेपाल उपत्यका छिर्न प्रतिबन्धित थिए । त्यही समयमा एक जना नेपाली कुलमान सिं तुलाधर जो तिब्बतमा घ्येलुं बनेर कुशीनगर पुगी त्यहीं थेरवादी श्रामणेर प्रव्रज्या ग्रहण गरी वि.सं. १९८७ सालमा नेपाल प्रवेश गरी काठमाडौंको सडकमा भिक्षाटन गरेको घटनालाई आधुनिक नेपालको थेरवाद बुद्धधर्मको इतिहासमा थेरवादको पुनर्जागरण अथवा पुनरुत्थानको रूपमा लिइएको पाइन्छ ।

बुद्धजन्मभूमि नेपालमा बुद्धको शिक्षा विभिन्न रूपमा रहिआएको, चलिआएको र व्यवहारमा उपयोग भइआएको सन्दर्भमा थेरवाद बुद्धधर्मको पुनर्जागरणले एउटा नयाँ आयाम थपेको देखिन्छ । बुद्धप्रति र बुद्धशिक्षाप्रति श्रद्धावान् नेपाली नागरिकहरू यस पुनर्जागरित थेरवाद बुद्धधर्ममा विस्तारै आकर्षित भएको र यसको संख्या क्रमिक रूपमा बढेर गयो ।

यसैको फलस्वरूप नेपालमा थेरवादी विहारहरू पनि बढ्न थाले । ती मध्ये काठमाडौंको नःघल टोलमा वि.सं. २०२२



Downloaded from http://www.dhamma.digital

सालमा धर्मकीर्ति विहारको स्थापना भएको हो । १४ वर्षसम्म बर्मामा थेरवाद बुद्धधर्मको गहन अध्ययन गरी फर्किएका धम्मवती गुरुमांको पहलमा सो विहारको स्थापना भएको थियो । नेपालमा थेरवाद बुद्धधर्म अभ्यास र प्रचारप्रसार गर्नमा धर्मकीर्ति विहारको ठूलो देन रहेको छ ।

यस विहारको स्थापनाकालदेखि नै थेरवाद बुद्धधर्मको अभ्यास तथा प्रचारप्रसारको क्रममा निम्न अनुसारका गतिविधिहरू भएको पाइन्छ ।

- नियमित बुद्धपूजा
- धर्मउपदेश
- परित्राण पाठहरू गर्ने
- ध्यान शिविर
- ऋषिणी प्रव्रज्या
- विभिन्न बौद्ध शिक्षाहरूको तालिम दिने
- बालकक्षा, प्रौढ कक्षा आदि छन् ।

यो विहार स्थापना गर्नमा भिक्षुणी धम्मवतीको महत्वपूर्ण एवम् नेतृत्वदायी भूमिका रहेको छ । उनीले बर्माबाट थेरवाद बुद्धधर्मको उच्चशिक्षा हासिल गरी नेपालमा थेरवाद बुद्धधर्मको प्रचारप्रसार गर्ने उद्देश्यले स्वदेश फर्केकी थिइन् । नेपाल फर्केर पनि विहार बनाउनको लागि ठूलो संघर्ष र मेहेनत गरेकी थिइन् । विहार बनाउनका लागि नेपालका थुप्रै उपासक–उपासिकाहरूको योगदान रह्यो ।

नेपालमा बुद्धशिक्षा प्रचारप्रसार गर्ने क्रममा भिक्षुणी धम्मवतीबाट र धर्मकीर्ति विहारबाट विभिन्न धार्मिक, सामाजिक तथा आध्यात्मिक क्रियाकलाप संञ्चालन गर्ने क्रममा एकपछि अर्को विहार बनाउने अथवा शाखा विहारहरू स्थापना गर्ने गरेको पाइयो ।



Downloaded from http://www.dhamma.digital

त्यसै गरी विभिन्न प्रकारका समिति उपसमितिहरू पनि खडा गरी धार्मिक एवं सामाजिक कार्यक्रमहरू संञ्चालन गरिआएको छ। यसरी भगवान् बुद्धको अविच्छिन्न रूपमा चलिआएको थेरवाद बुद्धधर्मलाई नेपाली जनमानसमा प्रचारप्रसार गर्ने क्रममा विगत ५४ वर्षदेखि निरन्तर क्रियाशील रहिआएको धर्मकीर्ति विहारको योगदान उल्लेखनीय रहेको छ।

## ६.१ उपसंहार

बुद्ध जन्मभूमि नेपालमा उहाँको शिक्षालाई नेपाली जनमानसमा प्रचारप्रसार गर्ने उद्देश्यले २०२२ सालमा यस धर्मकीर्ति विहारको स्थापना भएको हो। स्थापनाकालदेखि नै यस विहारले विभिन्न प्रकारका धार्मिक कार्य गर्दै आइरहेको छ भन्ने कुरा विहारले गरिआएको कार्यहरूको अध्ययन र अनुसन्धानबाट थाहा पाउन सकिन्छ। यही धार्मिक कार्यलाई मध्यनजर गर्दै उच्च मूल्याङ्कनका साथ नेपालको थेरवाद बुद्धशासनको प्रचार प्रसार गर्ने कार्यमा यस विहारलाई एक अभिन्न रुपमा लिन सकिन्छ। कुनै पनि धार्मिक संस्थाबाट आफ्नै पहल र आफ्नै आर्थिक व्यवस्थापनमा ३५६ वटा पुस्तक प्रकाशन गर्ने शायद यो विहार नै नेपालको पहिलो संस्था हुन सक्छ।

## ६.२ सुझावहरू

यस विहारलाई अझ परिष्कृत र अझ उच्च क्षमताको बनाउनको लागि केही कार्यहरू गरेमा उचित देखिन आउँछ। ती हुन् –

१. धर्मप्रचारको लागि डिजिटल मिडियामा पनि धर्मकीर्ति विहार लग्नुपर्ने देखिन्छ।

२. धर्मकीर्ति विहारमा बसिराख्नुभएका गुरुमांहरूबाट विभिन्न माध्यमिक विद्यालयहरूमा परियत्ति शिक्षा संञ्चालन गरि



Downloaded from http://www.dhamma.digital

विद्यालयहरूको नैतिक शिक्षा वृद्धि गर्नमा योगदान पुऱ्याउन सकिने देखिन्छ।

३. धर्मकीर्ति विहारले युवायुवतीहरूका लागि विशेष कक्षा संञ्चालन गरि बुद्धधर्ममा ध्यानआकर्षण गराउन सकिन्छ।

४. सञ्चार माध्यममा सक्षम हुने गरि उद्घोषण तथा आत्मविश्वास बलियो बनाउने तालिम दिई उपयुक्त जनशक्ति तयार गर्न सकिने देखिन्छ।

५. विहारमा भइरहेको धार्मिक कक्षाहरूलाई विहारमा मात्र सीमित नगरि विभिन्न बौद्ध संघसंस्थाहरूमा सम्मिलित भएर धर्मप्रचार गर्नमा योगदान गर्नुपर्ने देखिन्छ।

६. बुद्धशिक्षालाई आम मानिसहरूको लागि अध्ययन गराउने व्यवस्था मिलाउने लगायत अनुसन्धानात्मक पुस्तकहरू प्रकाशन गर्नु उपयुक्त हुने देखिन्छ।

७. विभिन्न देशमा सीमित भइरहेका बौद्ध ग्रन्थहरूलाई नेपाली र नेपालभाषामा अनुवाद गरी मानिसहरूलाई धर्मको अध्ययन गर्नमा अवसर जुटाउन सकिन्छ।

८. विहारको क्रियाकलापहरूलाई आफ्नै Website बनाई राख्नु उपयुक्त हुने।

९. विभिन्न सार्वजनिक स्थलहरूमा बुद्धमूर्ति र चैत्यहरू स्थापना गरी श्रद्धालुहरूको धर्मचित्त जगाउनमा टेवा पुऱ्याउन सकिन्छ।

१०. थेरवाद बुद्धधर्म अध्ययन गर्ने मुख्य केन्द्रको रूपमा धर्मकीर्ति विहारलाई विस्तार गर्नु उपयुक्त देखिन्छ।

११. काठमाडौं भित्र र बाहिर पनि विभिन्न विहारको भ्रमण गराई नयाँ-नयाँ ज्ञानगुणका कुराहरू थाहा पाउन दिन सकिन्छ।



Downloaded from http://www.dhamma.digital

१२. गाउँ घरहरूमा स्वास्थ्य शिविर सञ्चालन गर्नु ।

१३. विभिन्न गाउँ घरमा गएर त्यहाँका सम्बन्धित व्यक्तिहरूसंग सर्म्पक राखी बुद्धशिक्षा सम्बन्धि कार्यक्रमहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

१४. प्रौढ महिलाहरूलाई विहारमा प्रौढशिक्षा सिकाउने व्यवस्था मिलाउनु राम्रो हुन्छ ।

१५. गृहिणीहरूलाई आत्मनिर्भर बनाउनको लागि शिल्पविद्या सम्बन्धी तालिम दिई रोजगारको व्यवस्था मिलाउन सहयोग गर्नुपर्ने देखिन्छ ।

१६. समय-समयमा बुद्धशिक्षा सम्बन्धी प्रदर्शनी सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१७. बुद्धशिक्षा र जातकमा आधारित नाटकहरू प्रदर्शन गर्नु पनि समयानुकूल हुने देखिन्छ ।

१८. समय-समयमा बुद्धशिक्षामा आधारित बालवक्तृत्वकलाको आयोजना गर्नु उपयुक्त देखिन्छ ।

१९. बुद्धशिक्षामा आधारित कवितावाचन प्रतियोगिता सञ्चालन गर्नु पनि एउटा रचनात्मक कार्य ठहरिन्छ ।

२०. बुद्धशिक्षा सम्बन्धि लेखन प्रतिभा बढाउनको लागि लेखहरू लेख्ने तालिम दिनु पनि समयको माग जस्तो देखिन्छ ।

२१. विहारका गुरुमांहरूलाई समयानुकूल बुद्धशिक्षा प्रचार-प्रसारको लागि धर्मदेशना गर्ने सम्बन्धि तालिम दिनुपर्ने देखिन्छ ।

२२. विहारमा कम्तिमा महिनाको १ पटक एकदिवसीय ध्यानशिविर सञ्चालन गर्नु उपयुक्त देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

२३. उपासक-उपासिकाहरूलाई कम से कम हप्ताको एक पटक बुद्धपूजा र परित्राण पाठ पालि र अर्थ सिकाउने कक्षा सञ्चालन गर्नु फाइदाजनक देखिन्छ ।

२४. साधारण मानिसहरूले बुझ्ने भाषामा अथवा बुद्धको शिक्षालाई छिटो र छरिटो रूपमा प्रचार प्रसार गर्नको लागि गैर बौद्धहरूको लागि पनि हुने गरी नेपाली भाषामा पुस्तकहरू प्रकाशन गरेको खण्डमा राम्रो देखिन्छ ।

२५. परित्राण-पाठ गर्ने पुस्तकहरूलाई नेपाली भाषामा पनि अनुवाद गरेको खण्डमा नेपाली भाषीले पनि परित्राण पाठ गर्नको लागि हौसला अथवा श्रद्धा उत्पन्न हुन सक्दछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# अनुसूची :

## अनुसूची १ : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा संचालन भएका कक्षाहरू :

(शुरुमा व्यवस्थित अभिलेख राख्ने परिपाटी नभएकोले पूर्ण विवरण उपलब्ध भएको देखिएन, पछि धर्मकीर्ति मासिक पत्रिकामा "धर्मकीर्ति गतिविधि" अन्तर्गत शनिवारीय कक्षा सम्बन्धमा समाचार छापिने भएपछि विवरण अद्यावधिक भएको देखिन्छ ।)

वि.सं. २०३० देखि २०५२ सम्मको विवरण[१०३]

२०३० सालमा – १ वटा

२०३१ सालमा – १० वटा

२०३२ सालमा – १० वटा

२०३३ सालमा – ६ वटा

२०३४ सालमा – १ वटा

२०३५ सालमा – १ वटा

२०३६ सालमा – ३ वटा

२०३७ र २०३८ सालको विवरण अप्राप्य

२०३९ सालमा – ३ वटा

२०४० सालमा – १ वटा

२०४१ सालमा – २ वटा

२०४२ सालमा – २३ वटा

२०४३ सालमा – ९ वटा

२०४४ सालमा – २४ वटा

२०४५ सालमा – १५ वटा

१०३ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४१, पृ. १२-३६



Downloaded from http://www.dhamma.digital

२०४६ सालमा – १७ वटा

२०४७ सालमा – २१ वटा

२०४८ सालमा – ३० वटा

२०४९ सालमा – ३४ वटा

२०५० सालमा – ३८ वटा

२०५१ सालमा – ४० वटा

२०५२ सालमा – ३१ वटा

(नोट : यो तोकिएको सन्दर्भ पुस्तक अनुसार मात्र प्रस्तुत गरिएको हो । वास्तविक तथ्य श्रोतभन्दा बेग्लै हुनसक्छ, किनकि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी शनिवारीय कक्षा अटुट रुपमा नियमित संचालन हुँदै आएको तथ्य यस गोष्ठीका संस्थापनकाल देखिका नियमित सदस्यहरूले जानकारी दिएको छ ।)

वि.सं २०५३ देखि २०७१ सम्मको विवरण[१०४]

२०५३ सालमा – ३१ वटा

२०५४ सालमा – ४० वटा

२०५५ सालमा – ३९ वटा

२०५६ सालमा – ४२ वटा

२०५७ सालमा – ३९ वटा

२०५८ सालमा – ३४ वटा

२०५९ सालमा – ३५ वटा

२०६० सालमा – ४३ वटा

२०६१ सालमा – ४० वटा

२०६२ सालमा – ४४ वटा

१०४ श्यामलाल चित्रकार (सं.), **धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारीय कक्षाको विवरण,** काठमाडौं : धर्मकीर्ति प्रकाशन, २०७२, पृ २२ -४६



Downloaded from http://www.dhamma.digital

२०६३ सालमा – ४३ वटा

२०६४ सालमा – ४३ वटा

२०६५ सालमा – ४६ वटा

२०६६ सालमा – ४२ वटा

२०६७ सालमा – ३९ वटा

२०६८ सालमा – ४१ वटा

२०६९ सालमा – ४७ वटा

२०७० सालमा – ४२ वटा

२०७१ सालमा – ४३ वटा

अध्ययन गोष्ठी कक्षाको हाजिरी कापी अनुसार २०७२ बैशाखदेखि २०७५ चैत्रसम्मको कक्षा विवरण निम्न बमोजिम देखिन्छ :

२०७२ सालमा – ४४ वटा

२०७३ सालमा – ४५ वटा

२०७४ सालमा – ४६ वटा

२०७५ सालमा – ४७ वटा ।

यस शनिवारीय धर्म कक्षामा गरिने अध्ययन, प्रशिक्षण र छलफलका विषयहरू निम्न प्रकारको देखिन्छ :

बुद्ध जीवनी, त्रिरत्न गुण, चार आर्यसत्य, प्रतीत्य समुत्पाद लगायत धम्मपदका गाथाहरू, बुद्धकालीन इतिहास, नेपालमा थेरवाद बुद्धशिक्षाको इतिहास र वर्तमान अवस्था, विश्वमा थेरवाद बुद्धशिक्षाको इतिहास र वर्तमान अवस्था, बौद्ध संस्कृति र सभ्यता, अभिधर्म, त्रिपिटक सम्बन्धि धारावाहिक प्रवचन, लेख लेखन कलाको प्रशिक्षण आदि ।



Downloaded from http://www.dhamma.digital

यस कक्षाका प्रशिक्षक, प्रवचक र वक्ताहरू निम्न अनुसार देखिन्छन् :

नेपालका भिक्षुहरू, गुरुमांहरू, गण्यमान्य बौद्ध विद्वान तथा विदुषीहरू, साहित्यकारहरू, पत्रकारहरू लगायत धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू । जसमा संघनायक भिक्षु अश्वघोष महास्थविर, ज्ञानपूर्णिक महास्थविर, अमृतानन्द महानायक महास्थविर, शताब्दि पुरुष सत्य मोहन जोशी, इतिहासकार भुवनलाल प्रधान, आचार्य श्रीधर शम्शेर राणा, प्रा.डा. बज्रराज शाक्य, प्रा.डा. जगमान गुरुंग, प्रा. आशाराम शाक्य, प्रा. सुवर्ण शाक्य, प्रा.डा. नरेश मान बज्राचार्य, डा. भद्ररत्न बज्राचार्य, आर.वि.वन्द्य, हर्षमुनी शाक्य, फणिन्द्र रत्न बज्राचार्य, मूर्तिकार भीम बहादुर शाक्य, लोक बहादुर शाक्य, नरेन्द्र भट्टराई, सानुभाइ डंगोल, नवीन चित्रकार, मीन बहादुर शाक्य, सुरेश किरण मानन्धर, मदन रत्न मानन्धर, देवकाजी शाक्य, त्रिरत्न मानन्धर, उर्मिला ताम्राकार, रीना तुलाधर आदि ।

त्यसैगरी बिदेशी भिक्षुहरू, बौद्ध विद्वान तथा व्यक्तित्वहरूबाट पनि अध्यापन, प्रवचन भएको देखिन्छ । जसमा बर्माका सयादो भिक्षु ञाणिस्सार, सयादो भिक्षु ऊ आसभाचार, श्रीलंकाका भिक्षु पियदस्सी, के. पञ्ञाविमल, जापानका भिक्षु फुजि, अष्ट्रेलियाका भिक्षु धम्मिक, चीनका भिक्षु नान लिङ्गा, झांग गंग ताव, विदेशी विद्वान डेभिड गेल्नर, रबीन बाथ, भि.पि. सुसिलो (बेलायत) आदि ।



Downloaded from http://www.dhamma.digital

## अनुसूची २ : अल्पकालीन ऋषिनी, श्रामणेर शिविरहरू र सहभागी संख्या :

| मिति | स्थान | जम्मा संख्या (जना) |
|---|---|---|
| २०५९ पौष १३ - १९ सम्म | विश्वशान्ति धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा | २२ |
| २०६० असार २१-श्रावण ७ सम्म | विश्वशान्ति धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा | १८ |
| २०६० पौष १३ - १९ सम्म | विश्वशान्ति धर्मकीर्ति बसुन्धरा विहार, बसुन्धरा | २३ |
| २०६२ पौष १६ - २२ सम्म | अमरापुर बुद्ध विहार, बुँगमती | ३३ |
| २०६३ पौष २१ - २७ सम्म | गौतमी विहार, लुम्बिनी | ३९ |
| २०६४ पौष २१ - २७ सम्म | जितापुर विहार, खोकना | ५२ |
| २०६५ पौष २६ - माघ २ सम्म | बौद्ध जन विहार, सुनाकोथी | ४४ |
| २०६६ माघ २- ८ सम्म | बौद्ध जन विहार, सुनाकोथी | ३३ |
| २०६७ पौष १७ - २३ सम्म | बौद्ध जन विहार, सुनाकोथी | ४३ |
| २०६८ पौष १५ - २१ सम्म | रत्न विपस्सना विहार, सानो भऱ्यांग | ३८ |
| २०६९ पौष २१ - २७ सम्म | रत्न विपस्सना विहार, सानो भऱ्यांग | ३८ |
| २०७० चैत्र २० - २८ सम्म | रत्न विपस्सना विहार, सानो भऱ्यांग | २९ |
| २०७१ पौष १५ - २१ सम्म | रत्न विपस्सना विहार, सानो भऱ्यांग | २०[१०५] |
| २०७२ चैत्र २७ ०७३ बैशाख १ सम्म | रत्न विपस्सना विहार, सानोभऱ्यांग | २३ |
| २०७३ चैत्र १८ - २३ सम्म | रत्न विपस्सना विहार, सानोभऱ्यांग | ३०[१०६] |
| २०७४ चैत्र २५-०७५ बैशाख १ सम्म | रत्न विपस्सना विहार, सानोभऱ्यांग | ४२[१०७] |

---

१०५ इन्दावती गुरुमां (सं), **आधारभूत बुद्धशिक्षा**, काठमाडौंः धर्मकीर्ति प्रकाशन, २०७२, पृ. ७२

१०६ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३५ अंक ३, पृ. ८६

१०७ धर्मकीर्ति, मासिक पत्रिका, वर्ष ३६ अंक २, पृ. २२



Downloaded from http://www.dhamma.digital

## अनुसूची ३ : धर्मकीर्ति विहारबाट प्रत्येक वर्ष गरिने रक्तदान कार्यक्रममा रक्तदान गरेका रक्तदाताहरूको संख्या :

| मिति | रक्तदान गर्नेहरूको संख्या |
|---|---|
| २०४०।१।२४ | २९ |
| २०४३।४।४ | २६ |
| २०४४।१।१९ | ३९ |
| २०४५।१।११ | ४५ |
| २०४६।१।३ | २५ |
| २०४७।१।२२ | १०७ |
| २०४८।२।४ | २१ |
| २०४९।१।२७ | ७१ |
| २०५०।१।१२ | ४७ |
| २०५१।२।७ | ४८ |
| २०५२।१।२३ | २१ |
| २०५३।१।१० | ४४ |
| २०५४।१।२८ | ५१ |
| २०५५।१।१२ | ३५ |
| २०५६।१।११ | २८ |
| २०५७।१।३१ | ३७ |
| २०५८।१।२२ | ३५ |
| २०५९।१।२२ | ३४ |
| २०६०।१।२७ | ४५ |
| २०६१।१।१९ | ६५ |
| २०६२।२।७ | ७४ |
| २०६३।१।२३ | ६७ |
| २०६४।१।१५ | ६८ |



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| २०६५।२।४ | ८१ |
| २०६६।१।१९ | ६३ |
| २०६७।२।८ | ९० |
| २०६८।१।३१ | ८४ |
| २०६९।१।२३ | ८२ |
| २०७०।२।४ | ३९ |
| २०७१।१।२७ | ७५[१०८] |
| २०७२।४।२३ | ४४[१०९] |
| २०७३।१।१ | ५३[११०] |
| २०७४।१।२३ | १०८[१११] |
| २०७५।१।१५ | ४८[११२] |

१०८ धर्मकीर्ति वर्ष ३२ अंक २ पृ. १५

१०९ धर्मकीर्ति वर्ष ३३ अंक ५ पृ. १६

११० धर्मकीर्ति वर्ष ३४ अंक १ पृ. ३९

१११ धर्मकीर्ति, वर्ष ३५ अंक २ पृ. २४

११२ धर्मकीर्ति, वर्ष ३६ अंक २ पृ. १८



Downloaded from http://www.dhamma.digital

## अनुसूची ४ : परियत्ति परीक्षामा उत्तिर्ण भएकाहरूको विवरण :

| साल बि.सं. | बोर्ड हुने विद्यार्थी | जम्मा उर्त्तिण हुने विद्यार्थी |
|---|---|---|
| २०२२ | | १० |
| २०२३ | | १३ |
| २०२४ | | १० |
| २०२५ | | २ |
| २०२६ | | विवरण अप्राप्य |
| २०२७ | | विवरण अप्राप्य |
| २०२८ | | ५ |
| २०२९ | | २७ |
| २०३० | | ३५ |
| २०३१ | | १७ |
| २०३२ | | १५ |
| २०३३ | | १४ |
| २०३४ | | २५ |
| २०३५ | | २९ |
| २०३६ | | १५ |
| २०३७ | | १५ |
| २०३८ | | १९ |
| २०३९ | | १३ |
| २०४० | | २९ |
| २०४१ | | २६ |
| २०४२ | | १८ |
| २०४३ | | २६ |
| २०४४ | | ४९ |



Downloaded from http://www.dhamma.digital

| साल बि.सं. | बोर्ड हुने विद्यार्थी | जम्मा उर्त्तिण हुने विद्यार्थी |
|---|---|---|
| २०४५ | २ | ४८ |
| २०४६ | | ४८ |
| २०४७ | | ४२ |
| २०४८ | १ | ३६ |
| २०४९ | ३ | ३३ |
| २०५० | २ | १९ |
| २०५१ | | २८ |
| २०५२ | ३ | ६४ |
| २०५३ | २ | ७० |
| २०५४ | १ | ५१ |
| २०५५ | १ | ३९ |
| २०५६ | १ | ५६ |
| २०५७ | १ | ७९ |
| २०५८ | १ | ६८ |
| २०५९ | २ | ८२ |
| २०६० | १ | ७८ |
| २०६१ | | १०० |
| २०६२ | ३ | २७७ |
| २०६३ | ३ | ७२ |
| २०६४ | | ७४ |
| २०६५ | | विवरण अप्राप्य |
| २०६६ | | ५० |
| २०६७ | | विवरण अप्राप्य |
| २०६८ | २ | ७० |



Downloaded from http://www.dhamma.digital

| साल बि.सं. | बोर्ड हुने विद्यार्थी | जम्मा उर्त्तिण हुने विद्यार्थी |
|---|---|---|
| २०६९ | २ | ७० |
| २०७० | ४ | १०० |
| २०७१ | १ | ५५[११३] |
| २०७२ | २ | ५२ |
| २०७३ | १ | ६८ |
| २०७४ | २ | ५९ |
| २०७५ | २ .......... | ८५ ............ |
| जम्मा : | ४३ | १९२० |

Dhamma.Digital

११३ धर्मकीर्ति वर्ष ३३ अंक १ पृ. ३६-३७



Downloaded from http://www.dhamma.digital

**अनुसूची ५ : धर्मकीर्ति विहारमा स्वागत गरिएका स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको विवरण :**

१. श्रीलंकाका भिक्षु पियदस्सी महास्थविर
२. बर्माका उपशिक्षा मन्त्री डा. निनिया
३. न्यूजिलैण्डका होथलोवत
४. मंगोलियाका लामा गम्बोजाभा
५. भारतमा प्रकाण्ड विद्वान भदन्त आनन्द कौशल्यायन
६. थाइलैण्डका विद्वान भिक्षु खेमपाली महास्थविर
७. बर्माका ध्यानगुरु ऊ सोभन महासी सयादो महास्थविर
८. विश्व विपस्यनाचार्य कल्याणमित्र श्री सत्यनारायण गोयन्का
९. बर्माका विद्वान एवं भू.पू. राष्ट्रसंघीय प्रतिनिधि ऊ न्योया
१०. यू. एन. ओ. बाट आउनुभएका बर्माका श्रीमान न्यून
११. भिक्षु फुजीको नेतृत्वमा आउनुभएका जापानी भिक्षु, भिक्षुणी
१२. बेलायती भिक्षु अभिञ्ञाणो
१३. कोरियाका बौद्ध भिक्षुणी
१४. होलाय्ण्डका भिक्षु आनन्द
१५. श्रीलंकाका भिक्षु संघरत्न महास्थविर
१६. अनागारिक महिन्द
१७. लखनऊ विश्वविद्यालयका पालि प्राध्यापक भिक्षु चन्दरतन महास्थविर
१८. भिक्षु फा.हा. फङको नेतृत्वमा आएका कोरियाको बौद्ध प्रतिनिधि
१९. भिक्षु अमृतानन्द महास्थविर
२०. जापानको कोदो क्योदान (विहार) का अध्यक्ष श्रीमान् शोकान ओकानो



Downloaded from http://www.dhamma.digital

२१. उपाध्यक्ष श्रीमती रिन्को ओकान प्रमुख जापानी बौद्ध शिष्टमण्डल

२२. जापानको रेयूकाई क्यादोनका अध्यक्ष श्री ओजादको

२३. बर्माका महान् विद्वान सासनधज धम्माचरिय खेमाराम विहारका अध्यक्ष दो.पञ्ञाचारी गुरुमां

२४. दो सुखाचारी गुरुमां

२४. बैंकककको राजकीय पकनाम विहारका प्रमुख भिक्षु धर्मधीर राजमहामुनि महास्थविर र भिक्षु कित्तिवुद्धो महास्थविर

२५. बर्माका सासन शुद्धि भिक्षु आनन्द स्थविर र बर्माका महान समाज सेवक धर्मकथिक भिक्षु ञाणिस्सर महास्थविर

२६. बर्माका पूज्य तम्पुलु सयादो र साथमा आएका अरु पाँच भिक्षुहरू

२७. श्रीलंकाका विद्वान भिक्षु डा. हम्बलव सद्धातिस्स महास्थविर

२८. श्रीलंकाका प्रख्यात मूर्तिकार मापलगम विपुलसार महास्थविर

२९. श्रीलंकाका विचित्र धर्मकथिक कोटुगोड धम्मावास महास्थविर

३०. बर्मी ध्यानगुरु ऊ सुन्दर

३१. बर्मी अनगारिका मा. गुणवती गुरुमां

३२. भारत जान नसकी नेपाल आएका (YSWR) का १२ जना सहभागीहरू

३३. थाइलैण्डको वाट वोभोरनिवेशमा बस्नुभएका अमेरिकी भिक्षु कन्तसील

३४. ताइवानबाट आएका बौद्ध प्रतिनिधि मण्डल

३५. सिंगापुरबाट आएका सिंगापुर, अष्ट्रेलियन, मलेशियन बौद्ध प्रतिनिधि

३६. जापानबाट आएका जापानी बौद्ध संघका प्रतिनिधि

३७. बुद्धगया तीर्थयात्री संघ बर्माका ५१ सदस्यीय तीर्थयात्रीहरू

३८. बर्मी ध्यानगुरु ऊ. पण्डिताविभंश र ऊ. आसभाचार



Downloaded from http://www.dhamma.digital

३९. बर्माको भिक्षु समागममा आउने टोली

४०. चिनीयाँ बौद्ध उपाध्यक्ष ज्योमुयाङ सोलाङको

४१. अमेरिकाबाट आएका बर्मी भिक्षु ऊ. असिन किलाथ र ऊ. खेमवन्त

४२. बर्मी भिक्षु नन्दमालाभिवंश महास्थविर

४३. बर्माका तारा महास्थविर, मे. किनथान, डा. थान आई फर्स, ऊ ल्हा पे, ऊ वोतोमा महास्थविर, ऊ. केथारेण्डा, नन्दवंस महास्थविर, कोरियाका मा जंग डंग सुंग डोग कू, थाइलैण्डका थानाट चिन्डापोर्न महास्थविर, बेलायतका पि. सुसिलो महास्थविर, डा.निक स्कटको

४४. बर्मी भिक्षु सयादो ञाणिस्सर

४५. चिनीया बौद्ध टोली[११४]

४६. श्रीलंकाका राजदुत डब्लु स्वर्णलता पेरेरा र उहाँबाट प्रवचन समेत

४७. भारतीय राजदुत रणजीत रे

४८. श्रीधर लोहनी

४९. बाज्रिलका राजदुत Ms. Maria Terasa Pessoa

५०. थाइल्याण्डका Dr. wassana

५१. बंगलादेशका मन्त्री वीर बहादुर युसोय सिंह

५२. The Heritage of Nalanda University बारे Dr. Mejor बाट प्रवचन

५३. भारतीय राजदुत मन्जित सिंह पुरी

५४. अन्तरीक्ष यात्री Dr. Sandra Magnus

५५. म्यान्मारकी नेतृ आङ. साङ सुकी[११५]

---

११४ तुलाधर, पूर्वोक्त पादटिप्पणी सं. ४१, पृ. ५९-६८

११५ धर्मकीर्ति पत्रिकाका विभिन्न अंकहरूको आधारमा



Downloaded from http://www.dhamma.digital

## अनुसूची ६ : धम्मवती गुरुमांका शिष्या गुरुमांहरू

| क्र.स. | प्रव्रजित नाम | गृहस्थी नाम | ठेगाना | प्रव्रजित मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | धम्मदिन्ना | चमेली शाक्य | पाटन | २०१७ | |
| २ | कमला | कमला राजकर्णिकार | काठमाडौं | २०१९ | २०७३ पुसमा दिवंगत |
| ३ | अनोजा | शारदा मानन्धर | बनेपा | २०२७ | हाल सुलक्षण कीर्ति विहारमा |
| ४ | अनुपमा | मानशोभा शाक्य | पाटन | २०३१ | हाल जयमंगल विहारमा[११६] |
| ५ | पञ्ञावती | बिन्द्रा मानन्धर | बनेपा | २०३६ | |
| ६ | जवनवती | सिद्धि बज्राचार्य | काठमाडौं | २०३६ | हाल म्यान्मारमा |
| ७ | संघवती | चन्द्र प्रभा बज्राचार्य | तानसेन | २०३९ | २०७६।१०।१९मा दिवंगत |
| ८ | केशावती | गुण केशरी शाक्य | पाटन | २०४३ | |
| ९ | खेमावती | गुण लक्ष्मी महर्जन | काठमाडौं | २०४३ | |
| १० | श्रद्धावती | बुद्धलक्ष्मी महर्जन | शंखमूल | २०४४।८।१२ | हाल घरमा |
| ११ | धम्मविजय | ज्ञानहेरा तुलाधर | काठमाडौं | २०४५ | हाल निर्वाणमूर्ति विहारमा |
| १२ | दानवती | रत्नमाया महर्जन | बलम्बु | २०४५ | |
| १३ | त्यागवती | पञ्चमाया महर्जन | बलम्बु | २०४५ | |
| १४ | पुण्यवती | रमिता महर्जन | बलम्बु | २०४५ | हाल शाक्यमुनी कीर्ति विहारमा |
| १५ | मेत्तावती | सानुमाया श्रेष्ठ | बलम्बु | २०४५ | |
| १६ | समाधिवती | | लुम्बिनी | २०४६।४।५ | हाल घरमा |
| १७ | चित्तावती | चिरीमै महर्जन | हरिसिद्धि | २०४६।१०।१७ | हाल घरमा |
| १८ | नन्दावती | रविना महर्जन | काठमाडौं | २०४७।११।४ | हाल अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रमा |
| १९ | सुनन्दावती | बाशु मानन्धर | बनेपा | २०४८।२।३१ | हाल सुलक्षण कीर्ति विहारमा |
| २० | धजवती | कुशुम शाक्य | पाटन | २०४९।२।२ | हाल बसुन्धरा विहारमा |
| २१ | इन्द्रावती | उर्मिला बज्राचार्य | काठमाडौं | २०५०।४।९ | |
| २२ | जयवती | मंगल शाक्य | पाटन | २०५०।४।९ | हाल रत्नकीर्ति विहारमा |
| २३ | वीर्यवती | सुशीलादेवी मानन्धर | काठमाडौं | २०५१।२।८ | |
| २४ | शुभवती | ठकुरीमाया तामाङ्ग | धादिङ | २०५१।३।२५ | |
| २५ | सुमेधावती | चिनी शाक्य | धरान | २०५१।१०।२ | हाल धरानमा |
| २६ | करुणावती | मैत्रा महर्जन | ठसी, पाटन | २०५१।१२।११ | हाल पद्मकीर्ति विहारमा |
| २७ | ध्यानवती | जुनी प्रजापती | बनेपा | २०५२।१०।१९ | हाल पद्मकीर्ति विहारमा |
| २८ | रम्मावती | रञ्जना महर्जन | बलम्बु | २०५३।१।१४ | छोडेको |
| २९ | सुरम्मावती | रश्मी महर्जन | बलम्बु | २०५३।१।१४ | छोडेको |
| ३० | अमरावती | सरीता बज्राचार्य | कोबहाल | २०५३।३।१ | हाल सुधम्माराम विहारमा |
| ३१ | उमावती | | क्वंसाबहाल | २०५५।१।२१ | दिंवगत |

११६ पूर्वोक्त, पाददटिप्पणी सं. ९, पृ ६७-६८



Downloaded from http://www.dhamma.digital

| क्र.स. | प्रव्रजित नाम | गृहस्थी नाम | ठेगाना | प्रव्रजित मिति | कैफियत |
|---|---|---|---|---|---|
| ३२ | पद्मावती | कृष्णदेवी महर्जन | काठमाडौं | २०५५।१।२१ | हाल बसुन्धरा विहारमा |
| ३३ | पभावती | हामफोइराम उचाई | त्रिपुरा, भारत | २०५६।१२।२६ | हाल पद्मकीर्ति विहारमा |
| ३४ | अमता | कल्पना शाक्य | गुजिबहाल | २०५८।६।२० | |
| ३५ | वण्णवती | भवानी डंगोल | नयाँ बजार | २०६०।३।३१ | |
| ३६ | सुवण्णवती | लक्ष्मी महर्जन | सुनागुठी | २०६०।३।३१ | |
| ३७ | क्षान्तिवती | देवु कुमारी पुन मगर | बेनी | २०६२।५।२ | |
| ३८ | प्रीतिवती | सुनयना श्रेष्ठ | काठमाडौं | २०६२।५।२ | हाल बसुन्धरा विहारमा |
| ३९ | सत्यवती | | | २०६३।१।२४ | हाल गौतमी विहारमा |
| ४० | सतिवती | | | २०६३।१।२४ | हाल गौतमी विहारमा |
| ४१ | स्मृतिवती | | | २०६३।१।२४ | हाल गौतमी विहारमा |
| ४२ | उपेक्खावती | सरीता पासवान | | २०६४।१।१५ | हाल लुम्बिनीमा |
| ४३ | चालावती | मिरा | भक्तपुर | २०६५।७ | अन्त गएको [११७] |
| ४४ | मणिवती | मनिसा लिम्बु | धरान | २०६६।२।२१ | हाल सानेपामा |
| ४५ | श्रद्धाचारी | तिमिला रंजित | मजिपात | २०७०।७।२ | हाल श्रद्धाकीर्ति विहारमा |
| ४६ | रुपावती | | पाटन | | दिवंगत |
| ४७ | हेमावती | हेरामाया डंगोल | काठमाडौं | | दिवंगत |
| ४८ | सुचीवती | कल्पना शाक्य | पाटन | | छोडेको |
| ४९ | भद्रावती | मीरा डंगोल | काठमाडौं | | छोडेको |
| ५० | सुप्पभावती | उमाक्रोइमोग | त्रिपुरा, भारत | | छोडेको |
| ५१ | सुप्पियावती | प्रिया मोग | त्रिपुरा, भारत | | छोडेको |
| ५२ | ओभासावती | अन्जु थापा | सिन्धुपाल्चोक | | छोडेको |
| ५३ | सुखवती | सीता तुलाधर | धादिङ्ग | | छोडेको |
| ५४ | यसवती | रीता महर्जन | नयाँबजार | | छोडेको |
| ५५ | सारवती | बर्षा भट्टराई | नेपालगंज | | छोडेको |
| ५६ | सुसीलवती | संगीता शाक्य | धरान | | छोडेको |

११७ अ. ञाणवती गुरुमां (सं.), **वार्षिक प्रतिवेदन २०७१**, काठमाडौं : युवा अनागारिका सहयोग समिति २०७१, पृ ८१-८६



Downloaded from http://www.dhamma.digital

## अनुसूची ७ : प्रत्यक्ष अन्तर्वार्ता लिइएका महानुभावहरू :

१. श्रद्धेय धम्मवती गुरुमां
२. धर्मकीर्ति विहारका विभिन्न गुरुमां : केशावती, वीर्यवती गुरुमां ।
३. धर्मकीर्ति विहारका विभिन्न समिति, उपसमितिका पदाधिकारीहरू : रमा शोभा, कंसाकार, लोचनतारा तुलाधर, मदन रत्न मानन्धर ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# फोटो सूची :




फोटो नं. १ : धर्मकीर्ति विहारको सुरुको स्वरूप



फोटो नं. २ : धर्मकीर्ति विहारको पुरानो भवनमा तल्ला थपिंदै



Downloaded from http://www.dhamma.digital




फोटो नं. ३ : धर्मकीर्ति विहार पुनर्निर्माण भन्दा अगाडि



फोटो नं. ४ : पुनर्निर्मित धर्मकीर्ति विहार भवन



Downloaded from http://www.dhamma.digital



भिक्षु धम्मावुध महास्थविर
(जस्ले गणेशकुमारीलाई बर्मासम्म लग्नु भएको थियो)

फोटो नं. ५ भिक्षु धम्मावुध महास्थविर, बर्मा



फोटो नं. ६ : भिक्षुणी धम्मवतीका गुरु भिक्षु बुद्धघोष महास्थविर, नेपाल



Downloaded from http://www.dhamma.digital



फोटो नं. ७ : मा (दो) गुणवती गुरुमां बर्मा, धर्मकीर्ति विहारका सह-संस्थापिका मध्ये एक




फोटो नं. ८ : रत्नमञ्जरी गुरुमां, धर्मकीर्ति विहारका सह-संस्थापिका मध्ये एक



Downloaded from http://www.dhamma.digital




फोटो नं. ९ : धर्मकीर्ति विहारका संस्थापक भिक्षुणी धम्मवती




फोटो नं. १० : भिक्षुणी धम्मवतीको जीवनीबारे अंग्रजी पुस्तकको कभर



Downloaded from http://www.dhamma.digital




फोटो नं. ११ : धर्मकीर्ति विहारमा बर्माका प्रसिद्ध विपस्यना ध्यानगुरु महासी सयादोलाई स्वागत साथै नेपालका संघमहानायक दिवंगत भिक्षु प्रज्ञानन्द महास्थविर र नेपालका सातौं संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर लगायत ।




फोटो नं. १२ : धर्मकीर्ति विहारमा विशेष व्यक्तिहरूको स्वागत कार्यक्रममा भिक्षु अमृतानन्द महास्थविर, सूर्य बिक्रम ज्ञवाली, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, भूपाल मान सिंह कार्की लगायत ।



Downloaded from http://www.dhamma.digital




फोटो नं. १३ : म्यानमार देशकी प्रजातन्त्रवादी नेतृ आङ्ग साङ्ग सुचिलाई धर्मउपहार प्रदान गर्नुहुँदै भिक्षुणी धम्मवती, २०७५



फोटो नं. १४ : भिक्षुणी धम्मवतीलाई म्यानमार सरकारबाट "अग्गमहागन्थवाचक पण्डित" उपाधि प्रदान बि.सं. २०४८ पुस



Downloaded from http://www.dhamma.digital



फोटो नं. १५ : प्रथम अल्पकालीन श्रामणेर प्रव्रज्या, २०३५



फोटो नं. १६ : अल्पकालीन ऋषिणी प्रव्रज्या कार्यक्रमका सहभागीहरू



Downloaded from http://www.dhamma.digital



फोटो नं. १७ : अल्पकालीन श्रामणेर तथा ऋषिणी प्रव्रज्या, लुम्बिनी



फोटो नं. १८ : भिक्षुणी धम्मवतीको अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता, लुम्बिनी नेपाल, २०७२



Downloaded from http://www.dhamma.digital




फोटो नं. १९ : अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार लुम्बिनी




फोटो नं. २० : धर्मकीर्ति सामुदायिक स्वास्थ्य क्लिनिक भवनको भिक्षुणी धम्मवती र भारतीय राजदूतबाट संयुक्त रूपमा शिलान्यास । २०७२ असार ८



Downloaded from http://www.dhamma.digital



फोटो नं. २१ : नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूलाई पुरस्कार वितरण, आनन्दकुटी विहार स्वयम्भू



फोटो नं. २२ : भिक्षुणीहरूबाट भिक्षाटन



Downloaded from http://www.dhamma.digital




फोटो नं. २३ : भिक्षुणी धम्मवती गुरुमांको जन्मदिनको उपलक्ष्यमा भिक्षुसंघबाट साप्ताहिक अभिधर्म पाठ कार्यक्रम, धर्मकीर्ति विहार




फोटो नं. २४ : अन्तर निम्न-माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता, धर्मकीर्ति विहार



Downloaded from http://www.dhamma.digital




फोटो नं. २५ : अमेरिकी नासाका अन्तरिक्षयात्री तथा बौद्ध ध्यान अभ्यासी Sandra Magnus धर्मकीर्ति विहारमा, २०७५ जेठ १७



फोटो नं. २६ : नेपाल बौद्ध परियत्ति शिक्षाबाट "परियत्ति सद्धम्म कोविद" परीक्षार्ण उत्तीर्ण विद्यार्थीहरूलाई भिक्षुणी धम्मवतीबाट सम्मान, धर्मकीर्ति विहार, २०७५ साउन १९



Downloaded from http://www.dhamma.digital




फोटो नं. २७ : धर्मकीर्ति विहारबाट श्रीलंका तीर्थयात्रा




फोटो नं. २८ : राहत वितरण, हावा गइडी वडा नं. ५,
दोलखा जिल्ला, २०७२



Downloaded from http://www.dhamma.digital

# सन्दर्भ सूची :

अमृतानन्द, भिक्षु, *नेपालमा बुद्धधर्मको संक्षिप्त इतिहास,* काठमाडौंः आनन्दकुटी विहार गुठी, २०३८

अश्वघोष, भिक्षु (प्र.सं.), *धर्मकीर्ति, "स्वर्ण महोत्सव विशेषांक",* वर्ष - ३३, अङ्क - १, काठमाडौंः भिक्षुणी धम्मवती, वि.सं. २०७२,

अश्वघोष, भिक्षु (प्र.सं.), *'धर्मकीर्ति',* मासिक पत्रिका, वर्ष ३३ अंक २ देखि वर्ष ३३ अंक १२ सम्म, काठमाडौंः भिक्षुणी धम्मवती, २०७२

अश्वघोष, भिक्षु (प्र.सं.), *'धर्मकीर्ति',* मासिक पत्रिका, वर्ष ३४ अंक १ देखि वर्ष ३४ अंक १२ सम्म, काठमाडौंः भिक्षुणी धम्मवती, २०७३

अश्वघोष, भिक्षु (प्र.सं.), *'धर्मकीर्ति',* मासिक पत्रिका, वर्ष ३५ अंक १ देखि वर्ष ३५ अंक १२ सम्म, काठमाडौंः भिक्षुणी धम्मवती, २०७४

अश्वघोष, भिक्षु (प्र.सं.), *'धर्मकीर्ति',* मासिक पत्रिका, वर्ष ३६ अंक १ देखि वर्ष ३६ अंक १२ सम्म, काठमाडौंः भिक्षुणी धम्मवती, २०७५/७६

गुरुमां, इन्द्रावती (सं.), *आधारभूत बुद्धशिक्षा*, काठमाडौंः धर्मकीर्ति प्रकाशन, २०७२

चित्रकार, श्यामलाल (सं.), *"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कक्षाको विवरण",* काठमाडौंः धर्मकीर्ति प्रकाशन, वि.सं. २०७२

ञाणवती गुरुमां (सं.), *वार्षिक प्रतिवेदन, २०७१,* काठमाडौंः युवा अनागारिका सहयोग समिति, २०७१



Downloaded from http://www.dhamma.digital

तुलाधर, रीना (सं), *चिर सम्मानित गुरुमां धम्मवती,* काठमाडौं: धर्मकीर्ति प्रकाशन, वि.सं. २०७०

तुलाधर, रीना (सं.), *चिरं तिट्ठतु सद्धम्मो*, काठमाडौं: धर्मकीर्ति प्रकाशन, वि.सं. २०५९

तुलाधर, रीना (सं.ले), *धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष*, काठमाडौं: धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०५३

तुलाधर, रीना (सं.), *नेपालमा थेरवाद बुद्धधर्म एक अध्ययन,* काठमाडौं: प्रज्ञा प्रतिष्ठान, २०७२

तुलाधर, लोचनतारा र डा. रीना तुलाधर (सं), *नेपालय् दो गुणवती गुरुमां,* काठमाडौं : धर्मकीर्ति विहार, वि.सं. २०७२ ।

नकःमि, इन्द्रकुमार, *धर्मकीर्तिया लुखां*, काठमाडौं : धर्मकीर्ति प्रकाशन, २०७२

प्रजापती, जुनी (अनागारिका ध्यानवती), *म्यानमार सरकारको धार्मिक पदवीबाट सम्मानित नेपालका श्रद्धेय अनागारिका गुरुमांहरूको योगदान*, (अप्रकाशित शोधपत्र), काठमाडौं: स्नातकोत्तर उपाधिका लागि शोधपत्र, थेरवाद बुद्धिष्ट एकेडेमी, २०७५

प्रीतिवती तथा अन्य (सं), *"नेपालमा थेरवाद बुद्धधर्म उपलब्धि र चुनौती"* प्रतिवेदन, काठमाडौं:  धर्मकीर्ति विहार, २०७२

बन्ध्य, आर.बि., *संघनायक भद्दन्त प्रज्ञानन्द महास्थविरया जीवनी*, काठमाडौं: साहु तेज रत्न तुलाधर, २०३२

बन्ध्य, आर.बि., *संघमहानायक अग्रमहापण्डित भिक्षु प्रज्ञानन्द महास्थविर*, काठमाडौं: नगरमण्डप श्रीकीर्ति विहार, २०५६

वज्राचार्य, धनवज्र, *लिच्छवीकालीन अभिलेख, द्वितीय संस्करण,* काठमाडौं: सिनास, २०५३



Downloaded from http://www.dhamma.digital

शाक्य, महेन्द्र रत्न, “पालि साहित्यमा विहार”, *बुद्धजयन्ती स्वर्ण स्मारिका,* ललितपुरः वि.सं. २०५०

शाक्य, मोतिकाजी (अनु.), *स्नेही छोरी*, काठमाडौंः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४७

शाक्य, रत्न सुन्दर, *अनागारिका धम्मावती,* काठमाडौंः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४९

समित, भिक्षु, *नेपालको थेरवाद बुद्धधर्ममा आनन्दकुटी विहारको भूमिका,* (अप्रकाशित शोधपत्र), काठमाडौंः स्नातकोत्तर उपाधिका लागि शोधपत्र, थेरवाद बुद्धिष्ट एकेडेमी, २०७५



Downloaded from http://www.dhamma.digital



# लेखक परिचय

नाम - **अनागारिका अमता**
**(कल्पना शाक्य)**

जन्म मिति - २०४५/७/३०

जन्म स्थान - गुजिबहाल, ललितपुर

गृहस्थ नाम - कल्पना शाक्य

माता - कमला शाक्य

पिता - हेराकाजी शाक्य

शिक्षा - - MA in Theravada Buddhism
(थेरवाद बुद्धिष्ट एकेडेमी, नयाँ बानेश्वर, काठमाण्डौं), २०७६

- परियत्ति सद्धम्म कोविद, २०७१

प्रब्रजित मिति - २०५८/६/२०

गुरु आचार्य - श्रद्धेय धम्मवती गुरुमां, अनुपमा गुरुमां

उपाधि - सद्धम्म कोविद,२०७१

योगदान - परियत्ति शिक्षिका
धर्मकीर्ति बौद्ध परियत्ति केन्द्र, काठमाण्डौं
प्रभात मा.वि, काठमाण्डौं
पद्मावती महाविहार, ललितपुर

ISBN 978-9937-0-8239-6

Downloaded from http://www.dhamma.digital